संसारका श्रमजीवी एक होऔं !

# नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को



# अन्तरिम विधान- २०७५

(२०७५ जेठ ३ गते सम्पन्न केन्द्रीय कमिटीको प्रथम बैठकबाट पारित)

| | |
|---|---|
| पुस्तकको नाम | : नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को अन्तरिम विधान-२०७५ |
| प्रकाशक | : नेपाल कम्युनिष्ट पार्टी (नेकपा), केन्द्रीय कार्यालय |
| संस्करण | : पहिलो |
| मुद्रित प्रति | : १० हजार |
| प्रकाशन मिति | : २०७५ साउन ४ |
| मूल्य | : रु. ५०/- |

# विषय-सूची


| | | |
|---|---|---|
| प्रस्तावना | | ४ |
| अध्याय एक | प्रारम्भिक | ६ |
| अध्याय दुई | सदस्यता | ७ |
| अध्याय तीन | केन्द्रीय निकाय | १३ |
| अध्याय चार | प्रदेश र सम्पर्क समन्वय कमिटी | २४ |
| अध्याय पाँच | स्थानीय कमिटी | २८ |
| अध्याय छ | विभाग, संयन्त्र र कार्यदल | ३४ |
| अध्याय सात | पदाधिकारी तथा सदस्यको योग्यता | ३५ |
| अध्याय आठ | निर्वाचन, मनोनयन, सपथग्रहण, कार्यकाल, पदरिक्तता र पदपूर्ति | ३८ |
| अध्याय नौ | कार्यविभाजन, जिम्मेवारीपालना, अनुगमन तथा मूल्याङ्कन | ४२ |
| अध्याय दश | जनवर्गीय सङ्गठन, सम्पर्क मञ्च र प्रवास क्षेत्रको काम | ४३ |
| अध्याय एघार | सङ्घीय संसद्, प्रदेससभा र स्थानीय तह | ४४ |
| अध्याय बाह्र | सङ्गठनात्मक सिद्धान्त, पद्धति र अनुशासन | ४८ |
| अध्याय तेह्र | विशेष महाधिवेशन, अधिवेशन र बैठक | ५२ |
| अध्याय चौध | पार्टी कोष र सम्पत्तिसम्बन्धी व्यवस्था | ५४ |
| अध्याय पन्ध्र | मस्यौदा विधान तथा अन्तरिम विधान संशोधन | ५६ |
| अध्याय सोह्र | विविध | ५६ |
| अनुसूचीहरू | | ५९-६४ |

## प्रस्तावना

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) नेपाली सर्वहारा श्रमजीवी वर्गका जनताको राजनीतिक प्रतिनिधि संस्था हो । यसले मजदुर, किसान, निम्न पुँजीपति, राष्ट्रिय पुँजीपति र सम्पूर्ण जाति, भाषा एवम् संस्कृतिका जनसमुदायको हितलाई प्रतिनिधित्व गर्दछ । यसको स्थापना २२ अप्रिल, १९४९ तदनुसार १० बैशाख, २००६ मा भएको हो । बिक्रम् सम्बत् २०१७ पछि नेपाली राजनीति र अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा देखापरेका सैद्धान्तिक एवम् राजनीतिक मतभेदहरूका कारण यस पार्टीमा विभाजन भई अनेकौँ समूह बनेका थिए । तीसको दशकबाट सुरु भएको पुनर्गठन र एकीकरणका क्रममा निर्मित नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) बीच ३ जेठ, २०७५ तदनुसार १७ मे, २०१८ मा एकता भई नेपाल कम्युनिष्ट पार्टी (नेकपा) निर्माण भएको छ ।

यस पार्टीको रणनीतिक लक्ष्य अर्थात अधिकतम कार्यक्रम वैज्ञानिक समाजवाद हो, न्यूनतम कार्यक्रम जनताको जनवाद हो र यो समाजवाद उन्मुख छ । यो पार्टी समाजमा रहेका सबैखाले शोषण, उत्पीडन र विभेदहरूको अन्त्य गर्दै मानव जातिको सबैभन्दा विकसित सामाजिक-आर्थिक व्यवस्था साम्यवादसम्म पुग्न सकिन्छ भन्ने विश्वास गर्दछ । यस पार्टीले स्थापना कालदेखि नै राष्ट्रियता, लोकतन्त्र, जनजीविका र सामाजिक-आर्थिक रूपान्तरणका लागि भएका शान्तिपूर्ण र सशस्त्र सङ्घर्षहरूमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ । यसै क्रममा शान्तिपूर्ण जनआन्दोलन र संसदीय सङ्घर्षको बाटोबाट अघि बढेको नेकपा (एमाले) र जनयुद्धको बाटोबाट अघि बढेको नेकपा (माओवादी) को पहलकदमी र नेतृत्वमा सम्पन्न २०६२/६३ को जनक्रान्तिबाट राजतन्त्रको अन्त्य गरी सङ्घीयता, धर्मनिरपेक्षता, समावेशिता, समानुपातिकता जस्ता विशेषतासहितको लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न सम्भव भएको छ ।

जनक्रान्तिका उपलब्धिहरूको रक्षा गर्दै शान्तिपूर्ण, सम्बैधानिक र लोकतान्त्रिक बाटोबाट मुलुकको सामाजिक-आर्थिक रूपान्तरण गर्नु र राष्ट्रिय पुँजीको विकास गर्दै सामाजिक न्याय एवम् लोकतान्त्रिक मूल्यसहितको समाजवादको आधार निर्माण गर्नु यस पार्टीको तात्कालिक लक्ष्य हो । दलाल नोकरशाही पुँजीवादी

शोषण, उत्पीडन र साम्राज्यवादी हस्तक्षेपलाई परास्त गर्नु, आर्थिक, सामाजिक तथा साँस्कृतिक क्षेत्रमा विद्यमान सामन्तवादका सबै अवशेषहरूलाई समाप्त गर्नु र स्वाधीन राष्ट्रिय अर्थतन्त्रको जगमा समृद्ध नेपाल निर्माण गर्नु यस पार्टीका तात्कालिक कार्यभार हुन् ।

जनताको बहुदलीय जनवाद अवलम्बन गर्दै आएको नेकपा (एमाले) र माओवाद एवम् २१ औं शताब्दीको जनवाद अवलम्बन गर्दै आएको नेकपा (माओवादी केन्द्र) बीचको एकताबाट निर्मित यो पार्टी संविधानको सर्वोच्चता, विधिको शासन, मानवअधिकार एवम् मौलिक हकको प्रत्याभूति, शक्ति पृथकीकरणको सिद्धान्त, बहुलतायुक्त खुला समाज, बहुदलीय प्रतिस्पर्धा, आवधिक निर्वाचन, जननिर्वाचित प्रतिनिधिहरूद्वारा सरकार सञ्चालन, प्रतिपक्षको संवैधानिक व्यवस्था, स्वतन्त्र न्यायपालिकालगायत आधुनिक लोकतन्त्रका विश्वव्यापी मूल्य-मान्यतामा प्रतिबद्ध छ ।

यस पार्टीको मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद हो । जनताको बहुदलीय जनवाद, एक्काइसौं शताब्दीको जनवाद र माओवादका सम्बन्धमा आगामी महाधिवेशनसम्म विधिसम्मत छलफल गरी निष्कर्षमा पुगिनेछ ।

यो जनआधारित कार्यकर्ता पार्टी हो । पार्टीका सबै सदस्यहरु समान हुनेछन् । पार्टीको सार्वभौम अधिकार सदस्यहरुमा निहित रहनेछ । पार्टीका सिद्धान्त, कार्यक्रम र नीतिहरूको निर्माण तथा सबै तहका कमिटी र सदस्यहरूको सञ्चालन जनवादी केन्द्रीयताको सङ्गठनात्मक सिद्धान्तका आधारमा गरिनेछ । पार्टीले सामूहिक नेतृत्व र व्यक्तिगत जिम्मेवारी तथा केन्द्रीकृत नेतृत्व र विकेन्द्रित एवम् शृङ्खलाबद्ध कमिटी प्रणाली अवलम्बन गर्नेछ । महाधिवेशन पार्टीको सर्वोच्च संस्था हुनेछ र दुई महाधिवेशनको बीचमा केन्द्रीय कमिटी सर्वोच्च संस्था हुनेछ । यो पार्टी सबैखाले प्रतिक्रियावाद, अवसरवाद र सङ्कीर्णताका विरुद्ध तथा सामाजिक सद्भाव र राष्ट्रिय एकताको पक्षमा रहनेछ । आम जनसमुदायसँग घनिष्ट सम्बन्ध राख्दै सबै प्रकारका शोषण, उत्पीडन, अन्याय, असमानता र विभेदको समाप्तिका लागि सङ्घर्ष गर्नु र निःस्वार्थ रूपमा देश, जनता र क्रान्तिको सेवामा समर्पित हुनु यस पार्टीका सदस्यहरूको कर्तव्य हुनेछ ।

पार्टी सदस्यहरूले सामाजिक, आर्थिक तथा सांस्कृतिक रूपान्तरणका लागि विचार, सङ्गठन र सङ्घर्षका क्षेत्रमा अग्रणी भूमिका निर्वाह गर्नेछन् । उनीहरू

जनसरोकारका उत्पादनशील कार्यमा क्रियाशील हुँदै पार्टीको एकता र अग्रगतिका लागि समर्पित रहनेछन् । पार्टीका सदस्यहरू मुलुकको कम्युनिष्ट आन्दोलनलाई लोकतान्त्रिक र क्रान्तिकारी सारतत्वका साथ अघि बढाउन लागिपर्नेछन् । उनीहरू नेपाली क्रान्तिका निर्दिष्ट लक्ष्य र उद्देश्यहरू हासिल गर्न जनआधारित, सुसङ्गठित, एकताबद्ध, अनुशासित, गतिशील, जुझारु, अग्रगामी र उच्च नैतिक आचरणयुक्त राजनीतिक भूमिका निर्वाह गर्दै अघि बढ्न दृढ सङ्कल्पित रहनेछन् ।

यो विधान नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीचको एकतापश्चात गठन भएको नेपाल कम्युनिष्ट पार्टी (नेकपा), केन्द्रीय कमिटीको ३ जेठ २०७५ मा आयोजित पहिलो बैठकबाट पारित गरी लागू गरिएको छ । आगामी महाधिवेशनसम्म पार्टीका सम्पूर्ण कामकारवाही यसै विधानअनुरूप सञ्चालन हुनेछन् । पार्टीका सम्पूर्ण सदस्यहरूले यस विधानलाई पालना गर्नेछन् ।

## अध्याय एक
## प्रारम्भिक

### धारा– १. विधानको नाम

यस विधानको नाम नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को अन्तरिम विधान-२०७५ रहेको छ । यो विधान पार्टी सङ्गठन निर्माण र सञ्चालनको मूल आधार हुनेछ ।

### धारा– २. पार्टीको नाम

पार्टीको नाम नेपाल कम्युनिष्ट पार्टी (नेकपा) रहनेछ । संक्षिप्तमा यसलाई नेकपा भनिनेछ । अङ्ग्रेजीमा Nepal Communist Party (NCP) र संक्षिप्तमा NCP भनिनेछ ।

### धारा– ३. पार्टीको झण्डा

पार्टीको झण्डा अनुसूची- १ मा उल्लेख भएबमोजिम हुनेछ ।

### धारा– ४. पार्टीको छाप

पार्टीको छाप अनुसूची- २ मा उल्लेख भएबमोजिम हुनेछ ।

## धारा– ५. पार्टीको चुनाव चिह्न

पार्टीको चुनाव चिह्न अनुसूची- ३ मा उल्लेख भएबमोजिम हुनेछ ।

## धारा– ६. पार्टीको प्रतीक चिह्न

पार्टीको प्रतीक चिह्न अनुसूची- ४ मा उल्लेख भएबमोजिम हुनेछ ।

## धारा– ७. प्रारम्भ

यो विधान तुरुन्त प्रारम्भ हुनेछ ।

# अध्याय दुई
# सदस्यता

---

## धारा– ८. सदस्यका प्रकार

(क) पार्टीमा देहायबमोजिमका सदस्य रहनेछन्:

१. सदस्य,
२. सङ्गठित सदस्य ।

(ख) धारा- ९ (क) को योग्यता र (ख) को प्रक्रिया पूरा गरेका व्यक्ति सदस्य हुनेछन् । धारा- १० (क) को योग्यता र (ख) को प्रक्रिया पूरा गरेका व्यक्ति सङ्गठित सदस्य हुनेछन् ।

## धारा– ९. सदस्य

(क) सदस्यको योग्यता देहायबमोजिम हुनेछ:

१. १८ वर्ष उमेर पूरा भएको नेपाली नागरिक,
२. नैतिकवान र स्वच्छ चरित्र भएको,
३. मानसिक सन्तुलन नगुमेको,
४. नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय नभोगिरहेको,
५. प्रचलित कानुनले अयोग्य नठहरिएको,
६. पार्टीबाट सञ्चालित आन्दोलन र कार्यक्रमहरूमा सहयोगी,
७. पार्टीको सिद्धान्त, कार्यक्रम, नीति र विधान मान्न तत्पर,
८. उत्पादनमूलक श्रममा संलग्न हुन र सामाजिक-आर्थिक रूपान्तरणमा क्रियाशील हुन तत्पर ।

(ख) सदस्यता प्राप्त गर्ने प्रक्रिया देहायबमोजिम हुनेछः

१. धारा- ९ (क) को योग्यता पुगेको व्यक्तिले आफू रहेको वडा वा शाखा कमिटीमा आवेदन दिने,

२. वडा वा शाखा कमिटीले आवश्यक छानविन गरी तोकिए बमोजिमको शुल्क लिएर सदस्यता प्रदान गर्ने, सदस्यको व्यक्तिगत विवरणसहितको अभिलेख राख्ने र माथिल्लो कमिटीमार्फत् जिल्ला कमिटीमा पठाउने,

३. जिल्ला कमिटीले व्यक्तिगत विवरणसहितको अभिलेख राख्ने र सङ्ख्यात्मक विवरण प्रदेश कमिटीमा र प्रदेश कमिटीमार्फत् केन्द्रीय सङ्गठन विभागमा पठाउने,

४. सदस्यताका सम्बन्धमा विवाद उत्पन्न भएमा सम्बन्धित स्थानको सदस्यता प्रदान गर्ने अधिकार प्राप्त कमिटीले निर्णय गर्नेछ ।

(ग) सदस्यका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:

१. पार्टीको साधारणसभा वा जनवर्गीय, पेशागत तथा सामुदायिक सङ्गठन वा सम्पर्क मञ्च वा संयन्त्रमा सङ्गठित भई काम गर्ने,

२. पार्टीका दस्तावेजहरू प्राप्त गरी अध्ययन गर्ने,

३. स्थानीय कमिटीद्वारा आयोजित भेला तथा बैठकहरूमा सहभागी हुने,

४. पार्टीद्वारा आयोजित विभिन्न कार्यक्रमहरूमा सहभागी हुने,

५. तोकिएको समयमा सदस्यता नवीकरण गर्ने,

६. धारा- १० (क) को योग्यता पूरा गरी सङ्गठित सदस्यताका लागि आवेदन गर्न सक्ने ।

## धारा– १०. सङ्गठित सदस्य

(क) सङ्गठित सदस्यको योग्यता देहायबमोजिम हुनेछः

१. धारा- ९ (क) को योग्यता पुगेको,

२. पार्टीको सिद्धान्त, कार्यक्रम र नीतिप्रति प्रतिबद्ध तथा विधानलाई निःशर्त स्वीकार गरी कार्यान्वयन गर्न तत्पर,

३. कम्युनिष्ट आचरण र नैतिकताको पालना गर्न, सार्वजनिक जवाफदेहिता बहन गर्न र पारदर्शी जीवनशैली अपनाउन प्रतिबद्ध,

४. धारा- ९ बमोजिम सदस्यता प्राप्त गरी साधारणसभा वा जनवर्गीय सङ्गठन वा सम्पर्क मञ्च वा संयन्त्रमा सङ्गठित भई कम्तीमा एक वर्ष काम गरेको ।

(ख) सङ्गठित सदस्यता प्राप्त गर्ने प्रक्रिया देहायबमोजिम हुनेछः

१. सङ्गठित सदस्य हुन योग्यता पुगेको व्यक्तिले अनुसूची- ५ को ढाँचामा दुईजना सङ्गठित सदस्यको सिफारिससहित आफू रहेको वडा वा शाखा कमिटीमा आवेदन दिने,

२. वडा वा शाखा कमिटीले आवश्यक छानविन गरी धारा- १० (क) को योग्यता पुगेको भए सङ्गठित सदस्यता प्रदान गर्न रायसहित उक्त आवेदन गाउँ वा नगर कमिटीमा पठाउने,

३. गाउँ वा नगर कमिटीले सिफारिससहित उक्त आवेदन जिल्ला कमिटीमा पठाउने,

४. जिल्ला कमिटीले आवश्यक छानविन गरी योग्यता पुगेको आवेदकलाई तोकिए बमोजिमको शुल्क लिएर सङ्गठित सदस्यता प्रदान गर्ने निर्णय गरी अनुमोदनका लागि प्रदेश कमिटीमा पठाउने,

५. प्रदेश कमिटीले आवश्यक छानविन गरी योग्यता र प्रक्रिया पुगेको भए अनुमोदन गरी सदस्यता नम्बर प्रदान गर्न र अभिलेख राख्न केन्द्रीय सङ्गठन विभागमा पठाउने,

६. केन्द्रीय सङ्गठन विभागले अभिलेखमा समावेश गरी सदस्यता नम्बर प्रदान गर्ने र प्रदेश कमिटीमार्फत मातहत कमिटीमा पठाउने,

७. विभिन्न पार्टी वा समूहबाट समूहगत वा व्यक्तिगत रूपमा पार्टी प्रवेश गरेका देशभक्त, प्रगतिशील, लोकतान्त्रिक आन्दोलनका सहयोगी र सामाजिक रूपमा प्रतिष्ठित व्यक्तिलाई जिल्ला कमिटीको सिफारिसमा प्रदेश कमिटी वा केन्द्रीय कमिटीले सङ्गठित सदस्यता प्रदान गर्न सक्नेछ,

८. सङ्गठित सदस्यताका सम्बन्धमा विवाद उत्पन्न भएमा सम्बन्धित स्थानको सङ्गठित सदस्यता प्रदान गर्ने अधिकार प्राप्त कमिटीले निर्णय गर्नेछ । तर, उक्त कमिटीभन्दा माथिल्लो तहमा सङ्गठित व्यक्तिको हकमा भने निज सङ्गठित रहेको कमिटीले निर्णय गर्नेछ ।

(ग) सङ्गठित सदस्यका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:

१. पार्टी कमिटी वा आयोग वा विभाग वा संयन्त्र वा पार्टी सेल वा तोकिएको सङ्गठनमा सङ्गठित भई काम गर्ने,

२. पार्टीको बैठक, अधिवेशन र महाधिवेशनमा चुन्ने, चुनिने, नीति तथा निर्णयमा मतदान गर्ने र सम्बन्धित कमिटीमा आफ्नो मत जाहेर गर्ने,

३. पार्टीबाट सङ्गठित सदस्यका निम्ति जारी गरिएका निर्देशन, निर्णय र दस्तावेजहरू प्राप्त गर्ने, अध्ययन गर्ने र तिनको पालना एवम् कार्यान्वयन गर्ने,

४. पार्टीको सिद्धान्त, कार्यक्रम र नीतिको दृढतापूर्वक अनुशरण गर्दै आफ्नो जिम्मेवारी पूरा गर्ने,

५. पार्टीद्वारा आयोजित कार्यक्रम, उत्पादनशील काम, विकास निर्माणलगायत जनसरोकारका क्रियाकलापमा सक्रिय रहने,

६. तोकिएको सदस्यता शुल्क एवम् लेबी नियमित रूपमा सम्बन्धित कमिटीमा बुझाउने र सङ्गठित सदस्यता नवीकरण गर्ने,

७. रुढीवाद, अन्धविश्वास, सामाजिक विकृति, उत्पीडन र विभेदका विरुद्ध सङ्घर्ष गर्ने,

८. आवश्यकता अनुसार माथिल्लो कमिटीमा सुझाव पठाउने,

९. पार्टी अनुशासन पालना गर्दै पार्टीको एकता, गोपनीयता, हित र प्रतिष्ठालाई जोगाइराख्न क्रियाशील रहने,

१०. आफूमाथि भएको कुनै पनि कारबाही चित्त नबुझेमा कारणसहित कारबाही गर्ने कमिटीभन्दा माथिल्लो कमिटीमा र केन्द्रीय कमिटीको कारबाही चित्त नबुझेमा केन्द्रीय अनुशासन आयोगमा पुनरावेदन गर्न सक्ने ।

**धारा– ११. सदस्यता वा सङ्गठित सदस्यताको समाप्ति**

(क) देहायको अवस्थामा पार्टीको सदस्यता वा सङ्गठित सदस्यता समाप्त हुनेछः

१. स्वेच्छाले सदस्यता वा सङ्गठित सदस्यता परित्याग गरेमा,

२. सङ्गठित सदस्य अनुमतिबिना लगातार एक वर्षभन्दा बढी पार्टी काममा संलग्न नरहेमा,

३. पार्टीले अनुशासनको कारबाही गरी सदस्य वा सङ्गठित सदस्यबाट निष्काशन गरेमा,

४. तोकिएको समयमा सदस्यता वा सङ्गठित सदस्यता नवीकरण नगरेमा ।

**धारा– १२. सदस्यता वा सङ्गठित सदस्यता पुनः प्राप्ति**

(क) धारा- ११ (क) बमोजिम सदस्यता गुमाएको व्यक्तिले धारा- ९ (क) को योग्यता र (ख) को प्रक्रिया पुरा गरेर सदस्यता पुनः प्राप्त गर्न सक्नेछ ।

(ख) धारा- ११ (क) को १, २ र ४ बमोजिम सङ्गठित सदस्यता गुमाएको व्यक्तिले सङ्गठित सदस्यता पुनः प्राप्त गर्न चाहेमा कम्तीमा छ महिनासम्म सम्बन्धित कमिटीले तोकेको काम गरेपछि धारा- १० (ख) को प्रक्रिया पूरा गरी सङ्गठित सदस्यता पुनः प्राप्त गर्न सक्नेछ ।

(ग) अनुशासनको कारवाहीमा परी सङ्गठित सदस्यताबाट निष्काशित व्यक्तिले गल्ती महसुस गरी कम्तीमा एक बर्ष तोकिएको काम गरेपछि धारा- १० (ख) को प्रक्रिया पूरा गरेर सङ्गठित सदस्यता पुनः प्राप्त गर्न सक्नेछ ।

**धारा– १३. सदस्यता कायम**

(क) नेपाल कम्युनिष्ट पार्टीको कुनै समूहमा सदस्यता वा सङ्गठित सदस्यता कायम रहेको व्यक्तिले प्रमाणसहित पार्टी प्रवेश गरेमा तोकिए बमोजिमको प्रक्रिया पूरा गरेपछि निजको सदस्यता वा सङ्गठित सदस्यता कायम हुन सक्नेछ ।

(ख) उपधारा (क) बमोजिम सदस्यता वा सङ्गठित सदस्यता कायम गर्नुअघि सम्बन्धित कमिटीले छानविन गरी निर्णय गर्नुपर्नेछ ।

(ग) शारीरिक अवस्था कमजोर भएका वा राजनीतिक वा झुठ्ठा मुद्दामा जेल परेका सङ्गठित सदस्य सङ्गठित नरहे पनि पार्टीप्रति निष्ठावान रहँदासम्म निजको सङ्गठित सदस्यता कायम रहनेछ ।

(घ) पार्टीबाट विशेष काममा खटाइएको सङ्गठित सदस्य कुनै कमिटी वा निकायमा सङ्गठित नरहे पनि निजको सङ्गठित सदस्यता कायम रहनेछ ।

## धारा– १४. सदस्यताको अभिलेख र नवीकरण

(क) सङ्गठित सदस्यको व्यक्तिगत विवरणसहितको अभिलेख र सदस्यको सङ्ख्यात्मक अभिलेख केन्द्रीय सङ्गठन विभागमा रहनेछ ।

(ख) सबै तहका कमिटीहरूमा आ-आफ्नो कार्यक्षेत्रभित्रका सङ्गठित सदस्यको व्यक्तिगत विवरणसहितको अभिलेख र सदस्यको सङ्ख्यात्मक अभिलेख रहनेछ ।

(ग) सदस्यको व्यक्तिगत विवरणसहितको अभिलेख सदस्यता प्रदान गर्ने कमिटी र जिल्ला कमिटीमा रहनेछ ।

(घ) पार्टी एकता घोषणा भएको छ महिनाभित्र सङ्गठित सदस्यको अभिलेख एकीकृत गरी सदस्यता नम्बर निर्धारण गरिनेछ ।

(ङ) प्रत्येक वर्ष सम्बन्धित जिल्ला कमिटीमा तोकिएबमोजिमको शुल्क र लेबी बुझाई सङ्गठित सदस्यता नवीकरण गर्नुपर्नेछ ।

(च) सदस्यले तोकिएबमोजिम सदस्यता नवीकरण गर्नुपर्नेछ ।

## धारा– १५. सदस्यता–पत्र

(क) सदस्यलाई अनुसूची- ६ बमोजिमको सदस्यता-पत्र प्रदान गरिनेछ ।

(ख) सङ्गठित सदस्यलाई अनुसूची- ७ बमोजिमको सङ्गठित सदस्यता-पत्र प्रदान गरिनेछ ।

अध्याय तीन

# केन्द्रीय निकाय

## धारा– १६. केन्द्रीय निकायहरू

(क) पार्टीका केन्द्रीय निकायहरू देहायबमोजिम हुनेछन्:

१. एकताको राष्ट्रिय महाधिवेशन,

२. केन्द्रीय कमिटी,

३. केन्द्रीय अनुशासन आयोग,

४. केन्द्रीय लेखापरीक्षण आयोग,

५. केन्द्रीय निर्वाचन आयोग,

६. राष्ट्रिय परिषद्,

७. केन्द्रीय सल्लाहकार परिषद्,

८. केन्द्रीय ज्येष्ठ कम्युनिष्ट मञ्च ।

## धारा– १७. एकताको राष्ट्रिय महाधिवेशन

(क) राष्ट्रिय महाधिवेशन पार्टीको सर्वोच्च संस्था हुनेछ ।

(ख) एकताको राष्ट्रिय महाधिवेशन आगामी दुई वर्षभित्र सम्पन्न गरिनेछ । महाधिवेशनको स्थान, मिति र प्रतिनिधित्व केन्द्रीय कमिटीले तोकेबमोजिम हुनेछ ।

(ग) एकताको राष्ट्रिय महाधिवेशन सहमति र समझदारीका साथ सञ्चालन गर्न महाधिवेशन आफैंले आवश्यक विधि, प्रक्रिया र संरचना तय गर्नेछ ।

(घ) एकताको राष्ट्रिय महाधिवेशनले पार्टीको विधान, राजनीतिक प्रतिवेदन र आवश्यक अन्य दस्तावजेहरू पारित गर्नेछ ।

(ङ) केन्द्रीय कमिटी, केन्द्रीय निकाय र तिनका पदाधिकारी तथा सदस्यहरूको निर्वाचन एकताको राष्ट्रिय महाधिवेशनबाट पारित विधान वमोजिम हुनेछ ।

## धारा– १८. केन्द्रीय कमिटी

(क) केन्द्रीय कमिटी आगामी एकताको राष्ट्रिय महाधिवेशनसम्मका लागि पार्टीको सर्वोच्च संस्था हुनेछ ।

(ख) केन्द्रीय कमिटी एकताको राष्ट्रिय महाधिवेशनप्रति उत्तरदायी हुनेछ ।

(ग) एकताको राष्ट्रिय महाधिवेशनबाट नयाँ केन्द्रीय कमिटी निर्वाचित भएपछि पुरानो केन्द्रीय कमिटी स्वतः विघटन हुनेछ ।

(घ) एकताको राष्ट्रिय महाधिवेशनसम्मका लागि केन्द्रीय कमिटी, पोलिट्ब्युरो, स्थायी कमिटी र केन्द्रीय सचिवालयमा देहायबमोजिम पदाधिकारी र सदस्यहरू रहनेछन्:

१. दुई अध्यक्ष, दुई बरिष्ठ नेता, एक प्रवक्ता र एक महासचिवसहित ४४१ सदस्यीय केन्द्रीय कमिटी,

२. स्थायी कमिटीसहित केन्द्रीय कमिटीको कूल सदस्य सङ्ख्याको बढीमा एकतिहाई सदस्य रहेको पोलिट्ब्युरो,

३. केन्द्रीय सचिवालयसहित बढीमा ४५ सदस्यीय स्थायी कमिटी,

४. केन्द्रीय कमिटीका पदाधिकारी र तीन सदस्यसहित नौ सदस्यीय केन्द्रीय सचिवालय ।

(ङ) केन्द्रीय कमिटीका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:

१. आफूमध्येबाट अध्यक्षसहित पदाधिकारी, सचिवालय, स्थायी कमिटी र पोलिट्ब्युरोको निर्वाचन गर्ने,

२. आवश्यक विषयमा पार्टीको दृष्टिकोण तथा नीति तय गर्ने र पार्टीका नीति तथा निर्णयहरू कार्यान्वयन गर्ने र गराउने,

३. केन्द्रीय पार्टी स्कुल सञ्चालन गर्ने,

४. पार्टीका दस्तावेज, केन्द्रीय मुखपत्र र अन्य आवश्यक सामग्री सम्पादन तथा प्रकाशन गर्ने,

५. सदस्य, सङ्गठित सदस्य, मातहत कमिटी र पार्टीबाट सरकार, संसद् तथा राजनीतिक नियुक्तिमा गएका व्यक्तिहरूलाई लेबी एवम् शुल्क तोक्ने र आर्थिक कोष निर्माण एवम् परिचालन गर्ने,

६. केन्द्रीय कमिटीका पदाधिकारी र सदस्यहरूको बरियताक्रम निर्धारण र कार्यविभाजन गर्ने,
७. सैद्धान्तिक, कार्यक्रमिक वा नीतिगत विषयमा बहस गर्नुपर्ने आवश्यकता महशुस भएमा छुट्टै बैठक वा कार्यशाला आयोजना गर्ने,
८. पार्टीका मातहत कमिटी, सङ्गठित सदस्य र सदस्यलाई आवश्यक निर्देशन दिने र तिनका कार्यको अनुगमन तथा मूल्याङ्कन गर्ने,
९. पार्टीसम्बद्ध जनवर्गीय, पेशागत तथा सामुदायिक सङ्गठनहरूलाई नीतिगत नेतृत्व दिने,
१०. मातहत कमिटीबाट अनुशासनको कारबाहीमा परेका व्यक्ति तथा कमिटीको उजुरीमाथि आवश्यक छानविन गरी निर्णय दिने,
११. पार्टीको एकता, हित र सुरक्षामा खलल पार्ने मातहतका कुनै पनि कमिटीका निर्णयलाई बदर गर्ने, आफ्नो जिम्मेवारी पूरा नगर्ने तथा पार्टी निर्देशन पालना नगर्ने कमिटीलाई विघटन गर्ने र सङ्गठित सदस्य तथा सदस्यलाई आवश्यक कारवाही गर्ने,
१२. सङ्घीय संसद्, नेपाल सरकार, प्रदेशसभा, प्रदेश सरकार र स्थानीय तह सञ्चालनका लागि आवश्यक नीति निर्माण र नेतृत्व प्रदान गर्ने,
१३. अन्तर्राष्ट्रिय क्षेत्रमा पार्टीको सम्बन्ध स्थापना, विस्तार र सञ्चालन गर्ने,
१४. मापदण्ड पूरा गरेका व्यक्तिलाई सदस्यता वा सङ्गठित सदस्यता प्रदान गर्न सक्ने,
१५. जनता र राष्ट्रको पक्षमा विशिष्ट योगदान गरेका व्यक्तित्वहरूलाई सम्मान स्वरूप मानार्थ सदस्यता प्रदान गर्न सक्ने,
१६. एकताको राष्ट्रिय महाधिवेशनप्रति उत्तरदायी भएर केन्द्रीय अनुशासन आयोग, केन्द्रीय निर्वाचन आयोग र केन्द्रीय लेखापरीक्षण आयोग गठन गर्ने,
१७. पार्टीमा एकतावद्ध हुने वा प्रवेश गर्ने समूह वा व्यक्तिहरु मध्येबाट केन्द्रीय कमिटीमा बढीमा १० प्रतिशत सदस्य मनोनीत गर्ने,
१८. पार्टी एकता र एकीकरणलाई अगाडि बढाउन आवश्यक निर्णय गर्ने,

१९. यस विधानमा अन्यत्र उल्लेख गरिएका र तोकिएबमोजिमका कार्यहरू गर्ने ।

(च) पोलिट्ब्युरोका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:

१. केन्द्रीय कमिटीका दुई बैठकबीचको अवधिमा राजनीतिक तथा सङ्गठनात्मक निर्णयहरू गर्ने र आवश्यक विषयमा पार्टीका नीति तथा दृष्टिकोण तय गर्ने,

२. केन्द्रीय कमिटीको बैठकसमक्ष आफ्ना कामको प्रतिवेदन पेस गर्ने,

३. आफूले गरेका निर्णयहरू अनुमोदनका लागि केन्द्रीय कमिटीको बैठकमा प्रस्तुत गर्ने,

४. केन्द्रीय कमिटीप्रति उत्तरदायी रहने,

५. केन्द्रीय कमिटीले तोकेका अन्य कार्यहरू गर्ने ।

(छ) स्थायी कमिटीका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:

१. केन्द्रीय कमिटी र पोलिट्ब्युरोका बैठकबीचको अवधिमा राजनीतिक तथा सङ्गठनात्मक निर्णयहरू गर्ने,

२. आफूले गरेका निर्णयहरू अनुमोदनका लागि पोलिट्ब्युरो र केन्द्रीय कमिटीको बैठकमा प्रस्तुत गर्ने,

३. पोलिट्ब्युरो र केन्द्रीय कमिटीको बैठकमा आफ्ना कामको प्रतिवेदन पेश गर्ने,

४. केन्द्रीय कमिटी र पोलिट्ब्युरोप्रति उत्तरदायी रहने,

५. केन्द्रीय कमिटी र पोलिट्ब्युरोले तोकेका अन्य कार्यहरू गर्ने ।

(ज) केन्द्रीय सचिवालयका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:

१. केन्द्रीय कार्यालय सञ्चालन गर्ने,

२. केन्द्रीय स्तरका कार्ययोजना वा कार्यक्रमको प्रस्ताव तयार गर्ने,

३. केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीको बैठकका लागि कार्यसूचीसम्बन्धी प्रस्ताव तयार गर्ने,

४. केन्द्रीय विभाग, मातहत कमिटी, संसदीय दल, संयन्त्र, कार्यदललगायतका कामको प्रतिवेदन नियमित रूपमा प्राप्त गरी

मूल्याङ्कन प्रतिवेदन तयार गर्ने र केन्द्रीय कमिटी, पोलिट्ब्युरो तथा स्थायी कमिटीमा प्रस्तुत गर्ने,

५. केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीका बैठकबीचको अवधिमा राजनीतिक तथा सङ्गठनात्मक विषयमा निर्णय गर्ने,

६. आफूले गरेका निर्णयहरू अनुमोदनका लागि केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीमा प्रस्तुत गर्ने,

७. समसामयिक विषयमा पार्टीको धारणा सार्वजनिक गर्ने,

८. केन्द्रीय कमिटी, पोलिट्ब्युरो, स्थायी कमिटी र सचिवालयका निर्णयअनुरूप अन्तरपार्टी निर्देशन जारी गर्ने,

९. केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीप्रति उत्तरदायी रहने,

१०. केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीले तोकेका अन्य कार्यहरू गर्ने ।

(झ) अध्यक्षका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:

१. राष्ट्रिय परिषद्, केन्द्रीय कमिटी, पोलिट्ब्युरो, स्थायी कमिटी र केन्द्रीय सचिवालयको बैठकको अध्यक्षता गर्ने,

२. पार्टीको प्रमुख नेताका रूपमा समग्र पार्टीको नेतृत्व गर्ने,

३. केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीका बैठकमा आफ्नो तर्फबाट, एकताको राष्ट्रिय महाधिवेशन र राष्ट्रिय परिषद्को बैठकमा केन्द्रीय कमिटीका तर्फबाट राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने,

४. महाधिवेशन, राष्ट्रिय परिषद्, केन्द्रीय कमिटी, पोलिट्ब्युरो, स्थायी कमिटी र केन्द्रीय सचिवालयका निर्णयहरू कार्यान्वयन गर्ने र गराउने,

५. पार्टीको सिद्धान्त, कार्यक्रम, नीति र विधान कार्यान्वयन गर्ने र गराउने,

६. केन्द्रीय कमिटी, पोलिट्ब्युरो, स्थायी कमिटी र केन्द्रीय सचिवालयले तोकेका अन्य कार्यहरू गर्ने,

७. दुवै अध्यक्षले राष्ट्रिय परिषद्, केन्द्रीय कमिटी, पोलिट्ब्युरो, स्थायी कमिटी र केन्द्रीय सचिवालयको बैठकको संयुक्त रूपमा वा आपसी सल्लाहमा दुईमध्ये एकले वा बैठकमा एकजना मात्र

उपस्थित भएमा निजले अध्यक्षता गर्ने । पार्टीका आधिकारिक निर्देशन र पत्राचारमा दुवै अध्यक्षले वा आपसी सल्लाहमा एक अध्यक्षले हस्ताक्षर गर्ने ।

(ञ) प्रवक्ताका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:

१. एकताको राष्ट्रिय महाधिवेशन, राष्ट्रिय परिषद, केन्द्रीय कमिटी, पोलिटब्युरो, स्थायी कमिटी र केन्द्रीय सचिवालयलका बैठकका निर्णयहरू सार्वजनिक गर्ने,

२. पार्टीका आधिकारिक निर्णय एवम् धारणाहरू सार्वजनिक गर्ने ।

(ट) महासचिवका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:

१. अध्यक्षको परामर्शमा राष्ट्रिय परिषद्, केन्द्रीय कमिटी, पोलिटब्युरो, स्थायी कमिटी र केन्द्रीय सचिवालयको बैठकका कार्यसूची तयार गर्ने र बैठक बोलाउने,

२. अध्यक्षको परामर्शमा पार्टीका नीति एवम् निर्णयको कार्यान्वयनका लागि कार्ययोजना तयार गरी केन्द्रीय कमिटी, पोलिटब्युरो, स्थायी कमिटी र केन्द्रीय सचिवालयको बैठक समक्ष प्रस्तुत गर्ने,

३. केन्द्रीय कमिटी, पोलिटब्युरो र स्थायी कमिटीका बैठकमा आफ्नो तर्फबाट, एकताको राष्ट्रिय महाधिवेशन र राष्ट्रिय परिषद्को बैठकमा केन्द्रीय कमिटीको तर्फबाट सङ्गठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने,

४. केन्द्रीय कमिटी, पोलिटब्युरो, स्थायी कमिटी र केन्द्रीय सचिवालयका निर्णयहरू कार्यान्वयन गर्न अध्यक्षलाई सहयोग गर्ने,

५. केन्द्रीय कमिटी, पोलिटब्युरो, स्थायी कमिटी र केन्द्रीय सचिवालयले तोकेका अन्य कार्यहरू गर्ने ।

**धारा– १९. केन्द्रीय अनुशासन आयोग**

(क) पार्टीको अनुशासनसम्बन्धी कार्यसम्पादन गर्न एकताको राष्ट्रिय महाधिवेशनबाट निर्वाचित केन्द्रीय अनुशासन आयोग रहनेछ ।

(ख) आयोग एकताको राष्ट्रिय महाधिवेशनप्रति उत्तरदायी हुनेछ ।

(ग) आयोगमा अध्यक्ष र सचिवसहित ३१ सदस्य रहनेछन् ।

(घ) आयोगका अध्यक्षको मर्यादा स्थायी कमिटी सदस्यसरह, सचिव र सदस्यहरूको मर्यादा केन्द्रीय कमिटी सदस्यसरह हुनेछ ।

(ङ) केन्द्रीय अनुशासन आयोगका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:

१. कुनै पनि पार्टी कमिटी वा सदस्यले केन्द्रीय कमिटीबाट आफूमाथि भएको कारवाहीमा चित्त नबुझी दिएको पुनरावेदन ग्रहण गर्ने, आवश्यक छानविन तथा फैसला गर्ने र त्यसको कार्यान्वयनका लागि केन्द्रीय कमिटीमार्फत् वा सीधै सम्बन्धित कमिटीलाई निर्देशन दिने,

२. पार्टीका केन्द्रीय निकायका पदाधिकारी तथा सदस्यहरूले पार्टी अनुशासन, निर्णय र निर्देशनको पालना गरे वा नगरेको अनुगमन गर्ने र गल्ती गर्नेमाथि अनुशासनको कारवाही गर्न सम्बन्धित निकायलाई निर्देशन दिने,

३. तोकिएबमोजिम पार्टी कमिटीका पदाधिकारी एवम् सदस्यहरू र पार्टीका तर्फबाट जनप्रतिनिधिमुलक संस्था एवम् लाभको पदमा रहेर काम गर्ने पार्टी सदस्यहरूको नियुक्ति हुँदा, बहाल रहँदा र अवकाश पाउँदाको सम्पत्ति विवरण लिने, आवश्यकताअनुसार छानविन, अद्यावधिक र सार्वजनिक गर्ने,

४. आयोगका अध्यक्ष, सचिव र सदस्यहरूको राजीनामा स्वीकृत गर्ने र निजहरूमाथि अनुशासनको कारवाही गर्ने,

५. आयोगमा विचाराधीन मुद्दाको अनुसन्धान गर्ने सन्दर्भमा सम्बन्धित कमिटीका बैठकमा उपस्थित हुन सक्ने,

६. अनुशासनको कारबाही र पुनरावेदनसँग सम्बन्धित निर्णयको लिखित जानकारी सरोकारवाला व्यक्ति तथा सम्बन्धित कमिटीलाई र सबै किसिमका निर्णयहरूको जानकारी केन्द्रीय कमिटीलाई दिने,

७. आफ्ना कामको प्रतिवेदन एकताको राष्ट्रिय महाधिवेशन, राष्ट्रिय परिषद् र केन्द्रीय कमिटीसमक्ष प्रस्तुत गर्ने,

८. आयोगका अध्यक्षले केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीका बैठकमा भागे लिने,

९. यस विधानमा अन्यत्र उल्लेख गरिएका कार्यहरू गर्ने ।

**धारा– २०. केन्द्रीय लेखापरीक्षण आयोग**

(क) पार्टीको आन्तरिक लेखापरीक्षण गर्न एकताको राष्ट्रिय महाधिवेशनबाट निर्वाचित केन्द्रीय लेखापरीक्षण आयोग रहनेछ ।

(ख) आयोग एकताको राष्ट्रिय महाधिवेशनप्रति उत्तरदायी रहनेछ ।

(ग) आयोगमा अध्यक्ष र सचिवसहित ३१ सदस्य रहनेछन् ।

(घ) आयोगका अध्यक्षको मर्यादा स्थायी कमिटी सदस्यसरह, सचिव र सदस्यहरूको मर्यादा केन्द्रीय कमिटीका सदस्यसरह हुनेछ ।

(ङ) केन्द्रीय लेखापरीक्षण आयोगका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:

१. केन्द्रीय कमिटी, प्रदेश कमिटी, जिल्ला कमिटी र पार्टी सम्बद्ध जनवर्गीय, पेशागत र सामुदायिक सङ्गठनहरूको केन्द्रीय तहको आय-व्ययको लेखापरीक्षण गरी सुझावसहितको प्रतिवेदन तयार पार्ने र कार्यान्वयनका लागि सम्बन्धित कमिटीमा प्रस्तुत गर्ने,

२. लेखा तथा आर्थिक व्यवस्थापनसम्बन्धी आवश्यक नीति-नियम बनाई कार्यान्वयनका लागि केन्द्रीय कमिटीमा पेस गर्ने,

३. केन्द्रीय सचिवालयसँग समन्वय गरी लेखा तथा आर्थिक व्यवस्थापनसम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने,

४. लेखापरीक्षणसम्बन्धी कामका सन्दर्भमा सम्बन्धित कमिटीको बैठकमा उपस्थित हुन सक्ने,

५. आफ्ना कामको प्रतिवेदन एकताको राष्ट्रिय महाधिवेशन, राष्ट्रिय परिषद् र केन्द्रीय कमिटी समक्ष प्रस्तुत गर्ने,

६. आयोगका अध्यक्ष, सचिव र सदस्यहरूको राजीनामा स्वीकृत गर्ने र निजहरूमाथि अनुशासनको कारवाही गर्ने,

७. आयोगका अध्यक्षले केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीका बैठकमा भाग लिने,

८. यस विधानमा अन्यत्र उल्लेख गरिएका कार्यहरू गर्ने ।

**धारा– २१. केन्द्रीय निर्वाचन आयोग**

(क) पार्टीको आन्तरिक निर्वाचन गर्न एकताको राष्ट्रिय महाधिवेशनबाट निर्वाचित केन्द्रीय निर्वाचन आयोग रहनेछ ।

(ख) आयोग एकताको राष्ट्रिय महाधिवेशनप्रति उत्तरदायी हुनेछ ।

(ग) आयोगमा अध्यक्ष र सचिवसहित ३१ सदस्य रहनेछन् ।

(घ) आयोगका अध्यक्षको मर्यादा स्थायी कमिटी सदस्यसरह, सचिव र सदस्यहरूको मर्यादा केन्द्रीय कमिटी सदस्यसरह हुनेछ ।

(ङ) केन्द्रीय निर्वाचन आयोगका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:

१. पार्टीको आन्तरिक निर्वाचनसम्बन्धी नियमावली निर्माण गरी कार्यान्वयन गर्ने र गराउने,

२. प्रदेश र स्थानीय तहका पार्टी कमिटीका पदाधिकारी एवम् सदस्यहरूको निर्वाचन गराउने,

३. पार्टीसम्बद्ध जनवर्गीय, पेशागत र सामुदायिक सङ्गठनका केन्द्रीय निकायहरुको निर्वाचन गराउने,

४. आफूले गराउने निर्वाचनका लागि सम्बन्धित पार्टी कमिटीको सहयोगमा आवश्यक जनशक्ति परिचालन गर्ने,

५. आफ्ना कामको प्रतिवेदन एकताको राष्ट्रिय महाधिवेशन, राष्ट्रिय परिषद् र केन्द्रीय कमिटी समक्ष प्रस्तुत गर्ने,

६. आयोगका अध्यक्ष, सचिव र सदस्यहरूको राजीनामा स्वीकृत गर्ने र निजहरूमाथि अनुशासनको कारवाही गर्ने,

७. आयोगका अध्यक्षले केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीका बैठकमा भाग लिने,

८. यस विधानमा अन्यत्र उल्लेख गरिएका कार्यहरू गर्ने ।

**धारा– २२. आयोगहरू स्वायत्त निकाय हुने**

(क) केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखापरीक्षण आयोग र केन्द्रीय निर्वाचन आयोग स्वायत्त निकाय हुनेछन् । यी आयोगहरूले विधानको अधीनमा रही आफ्नो कार्यसम्पादन नियमावली आफैँ बनाई शक्ति पृथकीकरणको सिद्धान्तअनुरूप स्वतन्त्र ढङ्गले काम गर्नेछन् ।

(ख) आयोगका पदाधिकारी र सदस्यहरू पार्टीका अन्य कुनै कमिटी, निकाय वा जनवर्गीय, पेशागत वा सामुदायिक सङ्गठनमा सङ्गठित हुने छैनन् ।

**धारा– २३. राष्ट्रिय परिषद्**

(क) देहायबमोजिमका पदाधिकारी र सदस्यहरू रहेको राष्ट्रिय परिषद् रहनेछः

१. केन्द्रीय कमिटीका पदाधिकारी र सदस्यहरू,

२. केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखापरीक्षण आयोग, केन्द्रीय निर्वाचन आयोगका पदाधिकारी र सदस्यहरू,

३. केन्द्रीय सल्लाहकार परिषद् र केन्द्रीय ज्येष्ठ कम्युनिष्ट मञ्चका पदाधिकारी र सदस्यहरू,

४. प्रदेश कमिटीका पदाधिकारी र सदस्यहरू,

५. जिल्ला कमिटीका अध्यक्षहरू,

६. केन्द्रीय विभागका सचिवहरू,

७. पार्टीसम्बद्ध जनवर्गीय, पेशागत तथा सामुदायिक सङ्गठनका केन्द्रीय अध्यक्ष वा संयोजकहरु,

८. उपर्युक्त पदेन सदस्य सङ्ख्याको २५ प्रतिशतभन्दा बढी नहुने गरी केन्द्रीय कमिटीबाट मनोनीत सदस्यहरू ।

(ख) राष्ट्रिय परिषद्का अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:

१. केन्द्रीय कमिटीका तर्फबाट प्रस्तुत राजनीतिक तथा सङ्गठनात्मक प्रतिवेदनमाथि छलफल गरी सुझाव दिने,

२. केन्द्रीय आयोगका तर्फबाट प्रस्तुत प्रतिवेदनहरुमाथि छलफल गरी सुझाव दिने,

३. केन्द्रीय आयोगका कुनै पदाधिकारी वा सदस्यले पार्टीको सिद्धान्त, कार्यक्रम, नीति र विधानविपरीत काम गरेमा निजलाई पदमुक्त गर्ने, त्यस्तो निर्णय अनुमोदनका लागि एकताको राष्ट्रिय महाधिवेशनसमक्ष प्रस्तुत गर्ने,

४. राष्ट्रिय तथा अन्तराष्ट्रिय महत्वका समसामयिक बिषयहरुमा प्रस्तावहरू पारित गर्ने ।

## धारा– २४. केन्द्रीय सल्लाहकार परिषद्

(क) केन्द्रीय कमिटीले आफ्नो कूल सदस्य सङ्ख्याको ५० प्रतिशतभन्दा बढी नहुने गरी अध्यक्ष, सचिव र सदस्यसहित सल्लाहकार परिषद् गठन गर्न सक्नेछ ।

(ख) सल्लाहकार परिषद्का अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:

१. अध्यक्षले आफूसम्बद्ध कमिटीका अध्यक्षसँग परामर्श गरी बैठक बोलाउन सचिवलाई निर्देशन दिने र बैठकको अध्यक्षता गर्ने,

२. सचिवले अध्यक्षको निर्देशनमा परिषद्को बैठक बोलाउने र बैठक सञ्चालन गर्ने,

३. केन्द्रीय कमिटीलाई विभिन्न विषयमा सल्लाह तथा सुझाव दिने ।

(ग) अध्यक्षको मर्यादा स्थायी कमिटी सदस्यसरह, सचिव र सदस्यहरूको मर्यादा केन्द्रीय कमिटी सदस्यसरह हुनेछ ।

(घ) अध्यक्षले केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीको बैठकमा भाग–लिनेछन् ।

## धारा– २५. केन्द्रीय ज्येष्ठ कम्युनिष्ट मञ्च

(क) केन्द्रीय कमिटीले कम्युनिष्ट आन्दोलनमा महत्वपूर्ण योगदान गरेका अनुभवी व्यक्तिहरु रहेको ज्येष्ठ कम्युनिष्ट मञ्च गठन गर्न सक्नेछ ।

(ख) जेष्ठ कम्युनिष्ट मञ्चमा अध्यक्ष, सचिव र आवश्यक सङ्ख्यामा सदस्यहरु रहनेछन् ।

(ग) केन्द्रीय ज्येष्ठ कम्युनिष्ट मञ्चका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:

१. अध्यक्षले सम्बन्धित कमिटीका अध्यक्षसँग परामर्श गरी बैठक बोलाउन सचिवलाई निर्देशन दिने र बैठकको अध्यक्षता गर्ने,

२. सचिवले अध्यक्षको निर्देशनमा मञ्चको बैठक बोलाउने र बैठक सञ्चालन गर्ने,

३. मञ्चका पदाधिकारी एवम् सदस्यले आफ्ना अनुभवद्वारा युवा पुस्तालाई प्रशिक्षित र उत्प्रेरित गर्ने ।

(घ) अध्यक्षको मर्यादा पोलिटब्युरो सदस्य सरह र सचिव तथा सदस्यहरूको मर्यादा केन्द्रीय कमिटी सदस्य सरह हुनेछ ।

## अध्याय चार
## प्रदेश र सम्पर्क समन्वय कमिटी

### धारा – २६. प्रदेश कमिटी

(क) प्रदेशमा अधिवेशनबाट निर्वाचित प्रदेश कमिटी रहनेछ ।

(ख) प्रदेश कमिटीमा अध्यक्ष र सचिवसहित १५१ सदस्य (केन्द्रीय कमिटीका सदस्यबाहेक) रहनेछन् । आवश्यकता अनुसार एक प्रतिनिधिसभा निर्वाचन क्षेत्र बराबर दुईका दरले सदस्य थप्न सकिनेछ ।

(ग) प्रदेश कमिटीका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:

१. आफ्नो कमिटीको कूल सदस्य सङ्ख्याको बढीमा एक तिहाई सदस्य रहेको सचिवालय र बढीमा नौ सदस्य रहेको कार्यालय गठन गर्ने,

२. नियमित रुपमा बैठक बसी आफ्नो प्रदेशको पार्टी कामको योजना निर्माण गर्ने, कार्यान्वयन गर्ने र गराउने,

३. केन्द्रीय कमिटीका निर्देशन र आफ्नो कमिटीका निर्णयहरू कार्यान्वयन गर्ने र गराउने,

४. प्रदेशको समग्र विकास र आर्थिक-सामाजिक रूपान्तरणको योजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने,

५. पार्टी दस्तावेज तथा अन्य प्रचार सामग्रीहरू सम्पादन, प्रकाशन र बिक्री-वितरण गर्ने,

६. आफ्नो कमिटी र मातहतका नेता-कार्यकर्ताहरूको क्षमता बृद्धिका लागि पार्टी स्कुल र प्रशिक्षण सञ्चालन गर्ने,

७. प्रदेशसभा, प्रदेश सरकार र स्थानीय तहमा कार्यरत पार्टी नेता तथा कार्यकर्तालाई राजनीतिक नेतृत्व प्रदान गर्ने, उनीहरूलाई

पार्टीको नीति निर्देशन एवम् प्रशिक्षण दिने र जनताको हितमा परिचालन गर्ने,

८. प्रदेश कमिटीका सदस्यहरू, मातहतको कमिटी र प्रदेश कमिटीको सिफारिशमा राजनीतिक नियुक्ति प्राप्त व्यक्तिहरूलाई लेबी तोक्ने र आर्थिक कोष निर्माण एवम् परिचालन गर्ने,

९. सङ्गठित सदस्यता प्रदान गर्ने जिल्ला कमिटीको निर्णयमाथि आवश्यक छानबिन गरी अनुमोदन गर्ने र सदस्यता नम्बर प्रदान गर्न तथा अभिलेख राख्न केन्द्रीय सङ्गठन विभागमा पठाउने,

१०. अनुशासनात्मक कारबाहीमा परी कमिटी विघटन भएको वा विधानले निर्धारण गरेको अवधि समाप्त भएको अवस्थामा जिल्ला सङ्गठन कमिटी निर्माण गर्नका लागि केन्द्रीय कमिटीसमक्ष सिफारिश गर्ने र केन्द्रीय कमिटीबाट स्वीकृत भएपश्चात् कार्यान्वयन गर्ने,

११. आफ्नो तहको अधिवेशन आयोजना गर्ने,

१२. आफ्नो कमिटीका सदस्यहरूको बरियताक्रम तोक्ने र कार्यविभाजन गर्ने,

१३. आफ्नो कमिटीको कूल सङ्ख्याको ५० प्रतिशतभन्दा बढी नहुने गरी सल्लाहकार परिषद् र आवश्यकता अनुसार ज्येष्ठ कम्युनिष्ट मञ्च गठन गरी अधिकार र कर्तव्य तोक्ने ।

१४. आफ्नो तहका जनवर्गीय, पेशागत र सामुदायिक सङ्गठनहरूलाई राजनीतिक नेतृत्व प्रदान गर्ने,

१५. आफ्ना कामहरूको प्रतिवेदन र आर्थिक दायित्व नियमित रूपमा केन्द्रीय कमिटीमा पठाउने,

१६. यस विधानमा अन्यत्र उल्लेख गरिएका र तोकिएबमोजिमका कार्यहरू गर्ने ।

(घ) प्रदेश सचिवालयका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन्:

१. प्रदेश कमिटीको कार्यालय सञ्चालन गर्ने,

२. प्रदेशस्तरबाट तयार गरिनुपर्ने कार्ययोजना र कार्यक्रमको प्रस्ताव तयार गर्ने,

३. प्रदेश परिषद् र प्रदेश कमिटीको बैठकका लागि कार्यसूचीसम्बन्धी प्रस्ताव तयार गर्ने,

४. प्रदेश तहका विभाग, मातहत कमिटी, प्रदेशसभा दल, संयन्त्र, कार्यदललगायतका कामको प्रतिवेदन नियमित रूपमा प्राप्त गरी मूल्याङ्कन प्रतिवेदन तयार गर्ने र प्रदेश कमिटीमा प्रस्तुत गर्ने,

५. प्रदेश कमिटीका दुई बैठकबीचको अवधिमा राजनीतिक तथा सङ्गठनात्मक निर्णयहरू गर्ने र आफूले गरेका निर्णयहरू अनुमोदनका लागि प्रदेश कमिटीमा प्रस्तुत गर्ने,

६. समसामयिक विषयमा पार्टीका धारणा सार्वजनिक गर्ने,

७. प्रदेश कमिटी र सचिवालयका निर्णयअनुरूप मातहत कमिटी र सदस्यहरूलाई निर्देशन जारी गर्ने,

८. प्रदेश कमिटीले तोकेका अन्य कार्यहरू गर्ने ।

(ङ) प्रदेश कार्यालय:

१. प्रदेश कमिटीले आफ्नो कमिटीका अध्यक्ष र सचिवसहित प्रदेश कार्यालय गठन गर्नेछ,

२. प्रदेश कार्यालयका अधिकार र कर्तव्य प्रदेश कमिटीले तोकेबमोजिम हुनेछन् ।

(च) प्रदेश कमिटी अध्यक्षका अधिकार र कर्तव्य:

१. प्रदेश परिषद्, प्रदेश कमिटी, सचिवालय र प्रदेश कार्यालयका बैठकको अध्यक्षता गर्ने,

२. कमिटीलाई समग्र काममा नेतृत्व गर्ने,

३. कमिटीको बैठकमा आफ्नो र प्रदेश परिषद् तथा अधिवेशनमा कमिटीको तर्फबाट राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने,

४. प्रदेश अधिवेशन, परिषद् र कमिटीका निर्णय कार्यान्वयन गर्ने र गराउने,

५. कमिटीका समग्र कामको अनुगमन गर्ने,

६. कमिटीको आय-व्ययको लेखा राख्न लगाउने,

७. कमिटीले तोकेका अन्य कामहरू गर्ने ।

(छ) प्रदेश कमिटी सचिवका अधिकार र कर्तव्यः

१. अध्यक्षको परामर्शमा आफ्नो कमिटीको बैठक बोलाउने,
२. अध्यक्षको परामर्शमा कार्यसूची तथा कार्ययोजना बनाई बैठकमा प्रस्तुत गर्ने,
३. कार्यालय सञ्चालन गर्ने तथा सङ्गठनात्मक अभिलेख राख्ने,
४. सङ्गठनात्मक कामको अनुगमन गर्ने,
५. कमिटीको बैठकमा आफ्नो तर्फबाट र परिषद् तथा अधिवेशनमा कमिटीको तर्फबाट सङ्गठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने,
६. कमिटीले तोकेका अन्य कामहरू गर्ने ।

## धारा– २७. प्रदेश परिषद्

(क) प्रदेश परिषद्मा देहायबमोजिमका पदाधिकारी र सदस्यहरू रहनेछन्ः

१. प्रदेश कमिटीका पदाधिकारी र सदस्यहरू,
२. प्रदेश सल्लाहकार परिषद् र ज्येष्ठ कम्युनिष्ट मञ्चका पदाधिकारी र सदस्यहरू,
३. जिल्ला कमिटीका पदाधिकारी र सदस्यहरू,
४. प्रदेश विभागका सचिव र सदस्यहरू,
५. पार्टी सम्बद्ध जनवर्गीय, पेशागत तथा सामुदायिक सङ्गठनका प्रदेश अध्यक्षहरू,
६. उपर्युक्त पदेन सदस्य सङ्ख्याको २५ प्रतिशतभन्दा बढी नहुने गरी प्रदेश कमिटीबाट मनोनीत सदस्यहरू ।

(ख) प्रदेश परिषद्का अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्ः

१. प्रदेश कमिटीका तर्फबाट प्रस्तुत राजनीतिक तथा सङ्गठनात्मक प्रतिवेदनमाथि छलफल गरी सुझाव दिने,
२. प्रदेशस्तरीय महत्वका समसामयिक बिषयमा प्रस्तावहरू पारित गर्ने ।

**धारा– २८. सम्पर्क समन्वय कमिटी**

(क) विभिन्न जिल्लाबाट काठमाडौँ उपत्यकामा आई अस्थायी बसोबास गर्ने सङ्गठित सदस्यहरूमध्येबाट प्रदेश कमिटी स्तरको सम्पर्क समन्वय कमिटी गठन गरिनेछ ।

(ख) सम्पर्क समन्वय कमिटीमा देहायबमोजिमका पदाधिकारी तथा सदस्यहरू रहनेछन्:

१. केन्द्रीय कमिटीबाट मनोनीत संयोजक र सचिव,

२. सम्पर्क समन्वय कमिटी अन्तर्गत कार्यक्षेत्र भएका केन्द्रीय कमिटीका सदस्यहरू,

३. प्रदेश सम्पर्क कमिटीका अध्यक्ष र सचिवहरू,

४. सम्पर्क समन्वय कमिटी अन्तर्गतका राष्ट्रिय परिषद् सदस्यहरू,

५. उपर्युक्त सङ्ख्याको बढीमा ५० प्रतिशत केन्द्रीय कमिटीबाट मनोनीत सदस्यहरू ।

(ग) सम्पर्क समन्वय कमिटीको अधिकार, कर्तव्य र पदाधिकारी तथा सदस्यहरुको योग्यता प्रदेश कमिटी सरह हुनेछन् ।

## अध्याय पाँच
## स्थानीय कमिटी

**धारा– २९. स्थानीय कमिटीहरू**

(क) पार्टीका स्थानीय कमिटीहरू देहायबमोजिम हुनेछन्:

१. जिल्ला कमिटी,

२. प्रतिनिधिसभा निर्वाचन क्षेत्र समन्वय कमिटी,

३. प्रदेशसभा निर्वाचन क्षेत्र समन्वय कमिटी,

४. महानगर वा उपमहानगर वा नगर वा गाउँ कमिटी

५. वडा वा शाखा कमिटी

६. टोल वा प्रारम्भिक कमिटी

७. पार्टी सेल

(ख) काठमाडौँ उपत्यकामा देहायवमोजिमका विशेष जिल्ला कमिटी रहनेछन्:

१. मजदुर विशेष जिल्ला कमिटी,

२. युवा-विद्यार्थी विशेष जिल्ला कमिटी,

३. पेशागत विशेष जिल्ला कमिटी,

४. उद्यमी-व्यवसायी विशेष जिल्ला कमिटी,

५. प्रदेश सम्पर्क कमिटी ।

(ग) सम्पर्क समन्वय कमिटीको मातहतमा जिल्ला कमिटीसरहका प्रदेश सम्पर्क कमिटी रहनेछन् ।

(घ) प्रदेश सम्पर्क कमिटी लगायत विशेष जिल्ला कमिटीका अधिकार, कर्तव्य र पदाधिकारी तथा सदस्यहरुको योग्यता जिल्ला कमिटीसरह हुनेछन् ।

(ङ) समन्वय कमिटी बाहेकका स्थानीय कमिटीको सदस्य सङ्ख्या देहायबमोजिम हुनेछ:

१. भूगोलका जिल्ला कमिटी- १२५ (प्रदेश कमिटीका सदस्यबाहेक) आवश्यक भएमा एक प्रतिनिधिसभा निर्वाचन क्षेत्र बराबर १० का दरले सदस्य थप्न सकिने छ ।

२. विशेष जिल्ला कमिटी- ७५,

३. महानगर कमिटी- १२५,

४. उपमहानगर कमिटी- १०१,

४. नगर कमिटी- ८१,

५. गाउँ कमिटी- ७५,

६. महानगरका वडा कमिटी- ४५,

७. उपमहानगरका वडा कमिटी- ३५,

८. नगर र गाउँका वडा र शाखा कमिटी- २९,

९. नगर र गाउँका टोल र प्रारम्भिक कमिटी- १९,

१०. पार्टी सेल- १५

११. सदस्यहरू टोल तहमा गठन हुने साधारणसभामा सङ्गठित हुनेछन् ।

(च) समन्वय कमिटीबाहेक सबै स्थानीय कमिटीहरुमा आफ्नो तहको अधिवेशनबाट निर्वाचित अध्यक्ष, सचिव र सदस्यहरू रहनेछन् ।

(छ) एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्लामा देहायवमोजिमका पदाधिकारी र सदस्यहरू रहेको प्रतिनिधिसभा निर्वाचन क्षेत्र समन्वय कमिटी रहनेछः

१. जिल्ला कमिटीले आफ्नो कमिटीका सदस्यमध्येबाट तोकेको संयोजक र सचिव,

२. सम्बन्धित निर्वाचन क्षेत्रअन्तर्गत कार्यक्षेत्र भएका जिल्ला कमिटी सदस्यहरू,

३. सम्बन्धित निर्वाचन क्षेत्रअन्तर्गतका महानगर, उपमहानगर, नगर र गाउँ कमिटीका पदाधिकारीहरू,

४. पदेन सङ्ख्याको २५ प्रतिशतभन्दा बढी नहुने गरी सम्बन्धित जिल्ला कमिटीबाट मनोनीत सदस्यहरू,

५. पार्टीको तर्फबाट निर्वाचित सम्बन्धित निर्वाचन क्षेत्रका प्रतिनिधिसभा तथा प्रदेशसभाका सदस्य र महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाका प्रमुख, उपप्रमुख र अध्यक्ष, उपाध्यक्ष आमन्त्रित हुनेछन् ।

(ज) प्रदेशसभा निर्वाचन क्षेत्रमा देहायवमोजिमका पदाधिकारी र सदस्यहरु रहेको प्रदेशसभा निर्वाचन क्षेत्र समन्वय कमिटी रहनेछः

१. जिल्ला कमिटीले आफ्नो कमिटीका सदस्यमध्येबाट तोकेका संयोजक र सचिव,

२. सम्बन्धित निर्वाचन क्षेत्रअन्तर्गत कार्यक्षेत्र भएका जिल्ला कमिटी सदस्यहरू,

३. सम्बन्धित निर्वाचन क्षेत्रअन्तर्गतका महानगर, उपमहानगर, नगर र गाउँ कमिटीका पदाधिकारीहरू,

४. पदेन सङ्ख्याको २५ प्रतिशतभन्दा बढी नहुने गरी सम्बन्धित जिल्ला कमिटीबाट मनोनीत सदस्यहरू,

५. पार्टीको तर्फबाट निर्वाचित सम्बन्धित निर्वाचन क्षेत्रका प्रतिनिधिसभा तथा प्रदेशसभाका सदस्य र महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाका प्रमुख, उपप्रमुख र अध्यक्ष, उपाध्यक्ष आमन्त्रित हुनेछन् ।

(झ) महानगर कमिटीको मर्यादा जिल्ला कमिटीसरह र उपमहानगर कमिटीको मर्यादा प्रतिनिधिसभा निर्वाचन क्षेत्र समन्वय कमिटीसरह हुनेछ ।

(ञ) स्थानीय कमिटीका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्ः

१. आफ्नो तहमा कमिटीको कूल सदस्य सङ्ख्याको एक तिहाईभन्दा बढी नहुने गरी सचिवालय गठन गर्ने,

२. जिल्ला र महानगर कमिटीले बढीमा सात, प्रतिनिधिसभा निर्वाचन क्षेत्र समन्वय कमिटी, प्रदेशसभा निर्वाचन क्षेत्र समन्वय कमिटी, उपमहानगर, नगर र गाउँ कमिटीले बढीमा पाँच र सो मातहतका कमिटीले बढीमा तीन सदस्यीय कार्यालय गठन गर्ने,

३. नियमित रूपमा बैठक बसी आफ्नो कार्यक्षेत्रको समग्र पार्टी कामको योजना निर्माण गर्ने, कार्यान्वयन गर्ने र गराउने,

४. आफ्नो कमिटीका सदस्यहरूको बरियताक्रम तोक्ने र कार्यविभाजन गर्ने,

५. आफ्नो कार्यक्षेत्रको समग्र विकास र आर्थिक-सामाजिक रूपान्तरणको योजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने,

६. पार्टी दस्तावेज तथा अन्य सामग्रीहरूको प्रकाशन र बिक्री-वितरण गर्ने,

७. आफ्नो कमिटी र मातहतका नेता-कार्यकर्ताहरूको क्षमता बृद्धिका लागि पार्टी स्कुल र प्रशिक्षण सञ्चालन गर्ने,

८. आफ्नो तहमा पार्टीका तर्फबाट निर्वाचित जनप्रतिनिधिहरूलाई राजनीतिक नेतृत्व प्रदान गर्ने, उनीहरूलाई पार्टीको नीति र निर्देशन अनुरुप प्रशिक्षण दिने र जनताको हितमा परिचालन गर्ने,

९. आफ्नो कमिटीका सदस्य, मातहत कमिटी र आफ्नो सिफारिशमा राजनीतिक नियुक्ति प्राप्त व्यक्तिहरूलाई लेबी तोक्ने र आर्थिक कोष निर्माण एवम् परिचालन गर्ने,

१०. अनुशासनात्मक कारबाहीमा परी कुनै कमिटी विघटन भएको वा विधानले निर्धारण गरेको अवधि समाप्त भएको अवस्थामा सङ्गठन कमिटी निर्माण गर्नका लागि माथिल्लो कमिटीसमक्ष सिफारिश गर्ने र स्वीकृत भएपश्चात् कार्यान्वयन गर्ने,

११. आफ्नो तहको अधिवेशन आयोजना गर्ने,

१२. आफ्नो कमिटीका कूल सदस्य सङ्ख्याको ५० प्रतिशतभन्दा बढी नहुने गरी सल्लाहकार परिषद् र आवश्यकता अनुसार ज्येष्ठ कम्युनिष्ट मञ्च गठन गर्ने र अधिकार तथा कर्तव्य तोक्ने,

१३. आफ्नो तहका जनवर्गीय, पेशागत तथा सामुदायिक सङ्गठनहरूलाई राजनीतिक नेतृत्व प्रदान गर्ने,

१४. माथिल्लो कमिटीका निर्देशन र निर्णयहरूको कार्यान्वयन गर्ने र गराउने,

१५. आफ्ना कामको प्रतिवेदन र आर्थिक दायित्व नियमित रूपमा माथिल्लो कमिटीमा पठाउने,

१६. यस विधानमा अन्यत्र उल्लेख गरिएका र तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

(ट) स्थानीय कमिटीका सचिवालयको अधिकार र कर्तव्यः

१. आफ्नो कमिटीको कार्यालय सञ्चालन गर्ने,

२. कमिटीको बैठकका लागि कार्यसूचीसम्बन्धी प्रस्ताव तयार गर्ने,

३. कार्ययोजना र कार्यक्रमको प्रस्ताव तयार गर्ने र कमिटीको बैठकमा प्रस्तुत गर्ने,

४. आफ्नो तहका विभाग, मातहत कमिटी, स्थानीय तह दल, संयन्त्र, कार्यदललगायतका कामको प्रतिवेदन नियमित रूपमा प्राप्त गरी मूल्याङ्कन प्रतिवेदन तयार गर्ने र कमिटीमा प्रस्तुत गर्ने,

५. कमिटीका दुई बैठकबीचको अवधिमा राजनीतिक तथा सङ्गठनात्मक निर्णयहरू गर्ने र आफूले गरेका निर्णयहरू अनुमोदनका लागि कमिटीमा प्रस्तुत गर्ने,

६. समसामयिक विषयमा पार्टीका धारणा सार्वजनिक गर्ने,

७. कमिटी र सचिवालयका निर्णयअनुरूप मातहत कमिटी र सदस्यहरूलाई निर्देशन जारी गर्ने,

८. आफ्नो कमिटीले तोकेका अन्य कार्यहरू गर्ने ।

(ठ) स्थानीय कमिटीका कार्यालयः

१. स्थानीय कमिटीहरूले आफ्नो कमिटीका अध्यक्ष र सचिवसहित कार्यालय गठन गर्नेछन्,

२. कार्यालयका अधिकार र कर्तव्य सम्बन्धित स्थानीय कमिटीले तोके वमोजिम हुनेछन् ।

(ड) स्थानीय कमिटीको अध्यक्षका अधिकार र कर्तव्यः

१. कमिटीका बैठकको अध्यक्षता गर्ने,

२. कमिटीलाई समग्र काममा नेतृत्व गर्ने,

३. कमिटीका बैठक र अधिवेशनमा प्रतिवेदन प्रस्तुत गर्ने,

४. आफ्नो अधिवेशन र कमिटीका निर्णय कार्यान्वयन गर्ने र गराउने,

५. कमिटीका समग्र कामको अनुगमन गर्ने,

६. कमिटीको आय-व्ययको लेखा राख्न लगाउने,

७. आफ्नो कमिटीले तोकेका अन्य कार्यहरू गर्ने ।

(ढ) स्थानीय कमिटीको सचिवका अधिकार र कर्तव्यः

१. अध्यक्षको परामर्शमा आफ्नो कमिटीको बैठक बोलाउने,

२. अध्यक्षको परामर्शमा कार्यसूची र कार्ययोजना बनाई बैठकमा प्रस्तुत गर्ने,

३. कार्यालय सञ्चालन गर्ने र सङ्गठनात्मक अभिलेख राख्ने,

४. सङ्गठनात्मक कामको अनुगमन गर्ने,

५. कमिटीको बैठक र अधिवेशनमा सङ्गठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने,

६. आफ्नो कमिटीले तोकेका अन्य कार्यहरू गर्ने ।

### धारा– ३०. सङ्गठन कमिटी

(क) पार्टी एकता प्रक्रियामा माथिल्लो कमिटीको मनोनयनद्वारा गठन गरिने सबै कमिटीहरू आ-आफ्नो तहमा सङ्गठन कमिटी हुनेछन् ।

(ख) निर्वाचित कमिटी नभएको ठाउँमा र निर्वाचित कमिटीको अवधि समाप्त भएको अवस्थामा माथिल्लो कमिटीको मनोनयनद्वारा गठन गरिने सबै कमिटीहरू आ-आफ्नो तहमा सङ्गठन कमिटी हुनेछन् । सङ्गठन कमिटी गठन गर्ने निर्णय एक तह माथिल्लो कमिटीबाट अनुमोदन भएपछि कार्यान्वयन हुनेछ ।

(ग) विशेष अवस्थामा केन्द्रीय कमिटीले आफ्नो मातहतको कुनै पनि तहमा सङ्गठन कमिटी निर्माण गर्न सक्नेछ ।

(घ) सङ्गठन कमिटीको अधिकार र कर्तव्य आफ्नो तहको निर्वाचित कमिटीको सरह हुनेछ ।

(ङ) सङ्गठन कमिटीको मुख्य काम तोकिएको समयभित्र आफ्नो तहको अधिवेशन सम्पन्न गराउनु हुनेछ ।

(च) प्रदेश तथा स्थानीय तहका संगठन कमिटीलाई 'कमिटी' भनिनेछ र तिनका पदाधिकारीमा अध्यक्ष र सचिव रहनेछन् ।

## अध्याय छ

# विभाग, संयन्त्र र कार्यदल

### धारा – ३१. विभाग

(क) पार्टीका केन्द्रीय कमिटी, प्रदेश कमिटी र जिल्ला कमिटी अन्तर्गत तोकिए बमोजिमका विभागहरू रहनेछन् ।

(ख) सम्बन्धित कमिटीले आफ्नो तहमा प्रमुख, उपप्रमुख, सचिव र सदस्यहरू रहेका विभागहरू गठन गर्नेछन् ।

(ग) विभागअन्तर्गत आवश्यकता अनुसार विभिन्न विषयगत डेस्क गठन गर्न सकिनेछ ।

(घ) विभागका अधिकार र कर्तव्य तोकिएबमोजिम हुनेछन् ।

**धारा– ३२. पार्टी संयन्त्र**

पार्टीले प्रत्यक्ष रूपमा नेतृत्व गर्न नमिल्ने विभिन्न पेशागत, सामुदायिक तथा सरोकारवाला सङ्घ, सङ्गठन तथा संस्थाहरूलाई देश र जनताको पक्षमा क्रियाशील बनाउन सम्बन्धित तहको पार्टी कमिटीले त्यस्ता सङ्गठनहरूमा कार्यरत सङ्गठित सदस्य, सदस्य वा समर्थकहरूबीच पार्टी संयन्त्र गठन गर्नेछ ।

**धारा– ३३. कार्यदल**

(क) कुनै पनि पार्टी कमिटीले विशेष प्रयोजनका निम्ति आफ्नो तहमा कार्यदल गठन गर्न सक्नेछ ।

(ख) कार्यदलमा आवश्यकता अनुसार संयोजक, उपसंयोजक र सदस्यहरू रहनेछन् ।

(ग) कार्यदलको अधिकार, कर्तव्य र कार्यकाल कार्यदल गठन गर्ने कमिटीले तोकेबमोजिम हुनेछ ।

## अध्याय सात
## पदाधिकारी तथा सदस्यको योग्यता

**धारा– ३४. केन्द्रीय निकाय तथा विभागका पदाधिकारी र सदस्यको योग्यता**

(क) राष्ट्रिय महाधिवेशनको प्रतिनिधि चुनिनका लागि सङ्गठित सदस्य भई कम्तीमा १० वर्ष काम गरेको हुनुपर्नेछ । महिला, दलित, सीमान्तकृत जनजाति र अपाङ्गता भएका व्यक्तिको हकमा भने सङ्गठित सदस्य भई ७ वर्ष काम गरेको भए पुग्नेछ ।

(ख) केन्द्रीय कमिटीको पदाधिकारी र स्थायी कमिटी सदस्य हुन कम्तीमा एक कार्यकाल पोलिट्ब्युरो सदस्य र पोलिट्ब्युरो सदस्य हुन कम्तीमा एक कार्यकाल केन्द्रीय कमिटीको सदस्य भएको हुनुपर्नेछ ।

(ग) केन्द्रीय कमिटीको सदस्य हुन देहायको योग्यता हुनुपर्नेछः

१. केन्द्रीय कमिटी वा केन्द्रीय निकायको सदस्य भई काम गरेको वा,

२. सङ्गठित सदस्य भई कम्तीमा १२ बर्ष काम गरेको र प्रदेश कमिटीको सदस्य भई एक कार्यकाल वा जिल्ला कमिटीको सदस्य भई दुई कार्यकाल काम गरेको,

३. महिला, दलित, सीमान्तकृत जनजाति र अपाङ्गता भएका व्यक्तिको हकमा भने सङ्गठित सदस्य भई नौ वर्ष काम गरेको र कम्तीमा दुई कार्यकाल जिल्ला कमिटीको सदस्य भई काम गरेको,

(घ) केन्द्रीय अनुशासन आयोगको अध्यक्ष, सचिव र सदस्य हुन देहायको योग्यता हुनुपर्नेछः

१. धारा ३४ (ग) को योग्यता भएको र पार्टी जीवनमा आर्थिक तथा नैतिक आचरणका कारण अनुशासनको कारबाहीमा नपरेको,

२. अध्यक्ष हुन स्थायी कमिटी सदस्यको योग्यता पुगेको ।

(ङ) केन्द्रीय लेखापरीक्षण आयोगको अध्यक्ष, सचिव र सदस्य हुन देहायको योग्यता हुनुपर्नेछः

१. धारा ३४ (ग) को योग्यता भएको र लेखासम्बन्धी विशेषज्ञता हासिल गरेको,

२. अध्यक्ष हुन स्थायी कमिटी सदस्यको योग्यता पुगेको ।

(च) केन्द्रीय निर्वाचन आयोगको अध्यक्ष, सचिव र सदस्य हुन देहायको योग्यता हुनुपर्नेछः

१. धारा ३४ (ग) को योग्यता भएको र निर्वाचनसम्बन्धी कानुनी तथा व्यावहारिक ज्ञान भएको,

२. अध्यक्ष हुन स्थायी कमिटी सदस्यको योग्यता पुगेको ।

(छ) केन्द्रीय सल्लाहकार परिषद्को अध्यक्ष, सचिव र सदस्य हुन देहायको योग्यता हुनुपर्नेछः

१. केन्द्रीय कमिटी वा केन्द्रीय निकायको पदाधिकारी वा सदस्य भई काम गरेको वा,

२. सङ्गठित सदस्य भई कम्तीमा दश वर्ष काम गरेको वा दर्शनशास्त्र, राजनीतिशास्त्र, अर्थशास्त्र, समाजशास्त्र, परराष्ट्र मामिला, कानुन, विज्ञान प्रविधि आदि विषयको विज्ञ,

३. अध्यक्ष हुन स्थायी कमिटी सदस्यको योग्यता पुगेको ।

(ज) राष्ट्रिय परिषद्को सदस्य हुन जिल्ला कमिटीका अध्यक्ष सरहको योग्यता हुनुपर्नेछ ।

(झ) विभागको प्रमुख, उपप्रमुख, सचिव र सदस्य हुन देहायबमोजिमको योग्यता हुनुपर्नेछः

१. प्रमुख र उप्रमुख हुन सम्बन्धित कमिटीको सदस्य भएको हुनुपर्नेछ,

२. सचिव र सदस्य हुन एक तह तल्लो कार्यकारी कमिटीको सदस्य भई काम गरेको वा सम्बन्धित विषयको विज्ञ सङ्गठित सदस्य हुनुपर्नेछ ।

(ञ) माथिको योग्यता पूरा गर्नुपर्ने कुनै व्यक्ति राजनीतिक कारणले जेल परेमा जेल बसाइको अवधिलाई पनि गणना गरिनेछ ।

**धारा– ३५. प्रदेश कमिटीका पदाधिकारी र सदस्यको योग्यता**

(क) प्रदेश अधिवेशनको प्रतिनिधि हुन सङ्गठित सदस्य भई कम्तीमा छ बर्ष काम गरेको हुनुपर्नेछ ।

(ख) प्रदेश कमिटीको पदाधिकारी र सदस्य हुन देहायको योग्यता हुनुपर्नेछः

१. प्रदेश कमिटी वा सम्पर्क समन्वय कमिटी वा साविकका सोसरहका कमिटीमा सदस्य भई काम गरेको वा,

२. सङ्गठित सदस्य भई आठ बर्ष काम गरेको वा जिल्ला कमिटीमा रही कम्तीमा दुई कार्यकाल काम गरेको वा,

३. महिला, दलित र सीमान्तकृत जनजाति वा अपाङ्गता भएका व्यक्तिको हकमा भने सङ्गठित सदस्य भई छ बर्ष काम गरेको वा कम्तीमा एक कार्यकाल जिल्ला कमिटीमा रही काम गरेको ।

**धारा– ३६. स्थानीय कमिटीका पदाधिकारी तथा सदस्यको योग्यता**

(क) जिल्ला अधिवेशनको प्रतिनिधि हुन सङ्गठित सदस्य भई चार बर्ष काम गरेको हुनुपर्नेछ । महिला, दलित, सीमान्तकृत जनजाति र अपाङ्गता भएका व्यक्तिको हकमा सङ्गठित सदस्य भई तीन बर्ष काम गरेको भए हुनेछ ।

(ख) जिल्ला कमिटीको सदस्य हुन देहायको योग्यता हुनुपर्नेछ:

१. जिल्ला कमिटीको पदाधिकारी वा सदस्य भई काम गरेको वा,

२. सङ्गठित सदस्य भई छ वर्ष काम गरेको वा प्रतिनिधिसभा निर्वाचन क्षेत्र समन्वय कमिटी वा साविक इलाकास्तरीय कमिटीमा कम्तीमा तीन वर्ष काम गरेको,

३. महिला, दलित, सीमान्तकृत जनजाति र अपाङ्गता भएका व्यक्तिको हकमा सङ्गठित सदस्य भई चार बर्ष काम गरेको वा मातहत कमिटीमा एक कार्यकाल काम गरेको,

४. जिल्ला कमिटीको पदाधिकारी र सचिवालय सदस्य हुन एक कार्यकाल जिल्ला कमिटीमा काम गरेको ।

(ग) अन्यस्तरका कमिटीका पदाधिकारी र सदस्यको योग्यता तोकिएबमोजिम हुनेछ ।

**अध्याय आठ**

## निर्वाचन, मनोनयन, सपथग्रहण, कार्यकाल, पदरिक्तता र पदपूर्ति

**धारा– ३७. निर्वाचन**

(क) एकताको राष्ट्रिय महाधिवेशन र सबै तहका अधिवेशनका प्रतिनिधिहरु सम्बन्धित कमिटीले तोकेबमोजिम सङ्गठित सदस्यहरुबाट निर्वाचित हुनेछन् । एकताको राष्ट्रिय महाधिवेशन वा अधिवेशन आयोजना गर्ने कमिटीका पदाधिकारी वा सदस्यहरु प्रतिनिधिमा निर्वाचित हुन नसकेमा आयोजकको हैसियतमा महाधिवेशन वा अधिवेशनमा सहभागी हुन सक्नेछन् । तर, उनीहरुलाई चुन्ने, चुनिनेलगायत कुनै पनि प्रकारको मताधिकार हुनेछैन ।

(ख) केन्द्रीय कमिटी र केन्द्रीय आयोगका पदाधिकारी एवम् सदस्यहरूको निर्वाचन राष्ट्रिय महाधिवेशनले निर्णय गरेबमोजिम हुनेछ ।

(ग) प्रदेश तथा स्थानीय तहका कमिटीका पदाधिकारी तथा सदस्यहरू र पार्टी सम्बद्ध जनवर्गीय सङ्गठनका केन्द्रीय पदाधिकारी तथा सदस्यहरूको निर्वाचन केन्द्रीय निर्वाचन आयोगले गराउनेछ ।

## धारा– ३८. निर्वाचन विधि

(क) सबै तहका पार्टी कमिटी र अधिवेशनका प्रतिनिधिहरूको निर्वाचनका लागि आमरूपमा भूगोल, खुल्ला र समावेशी गरी तीन क्षेत्र तोकिनेछन् ।

(ख) सबै तहका पार्टी कमिटीका पदाधिकारी र सदस्यहरू आफ्नो तहको महाधिवेशन वा अधिवेशनबाट निर्वाचित हुनेछन् ।

(ग) पार्टी एकताका क्रममा सहमतिका आधारमा कमिटीहरू निर्माण गरिनेछन् ।

(घ) सबै तहका निर्वाचित कमिटीहरू स्थानीय विशेषताअनुरूप समावेशी चरित्रका हुनेछन् र तिनमा ३३ प्रतिशत महिला सदस्य रहनेछन् ।

(ङ) महिला प्रतिनिधित्वको स्वरूप समावेशी चरित्रको हुनेछ । न्यूनतम योग्यता र मापदण्ड नपुगेको अवस्थामा महिला सदस्यहरूको स्थान खाली रहनेछ ।

(च) पार्टी कमिटीहरूमा स्थानीय विशेषताअनुरूप श्रमिक, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, अल्पसङ्ख्यक समुदाय र अपाङ्गता भएका व्यक्तिहरूको यथासम्भव समावेशी प्रतिनिधत्व हुनेछ ।

(छ) समावेशीताको आधार सामान्यतया सम्बन्धित वर्ग वा समुदायको सङ्गठित सदस्य सङ्ख्यालाई बनाइनेछ ।

## धारा– ३९. मनोनयन

(क) महाधिवेशन र सबै तहका अधिवेशनका लागि निर्वाचित प्रतिनिधिहरूको पाँच प्रतिशतमा नबढ्ने गरी सम्बन्धित कमिटीले प्रतिनिधिहरू मनोनयन गर्न सक्नेछ ।

(ख) निर्वाचित कमिटीले आफ्नो कमिटीका निर्वाचित सदस्य सङ्ख्याको १० प्रतिशतमा नबढाई सदस्यहरू मनोनयन गर्न सक्नेछ ।

(ग) केन्द्रीय कमिटीले एकता र एकीकरण प्रक्रियालाई अघि बढाउन कूल सदस्य सङ्ख्याको १० प्रतिशतमा नबढाई सदस्यहरू मनोनयन गर्न सक्नेछ ।

(घ) प्रदेश तथा स्थानीय तहका कमिटीहरुमा सदस्य मनोनयनसम्बन्धी निर्णयको कार्यान्वयन एक तह माथिल्लो कमिटीले अनुमोदन गरेपछि हुनेछ ।

**धारा– ४०. शपथ ग्रहण**

(क) देहायका व्यक्तिहरूले अनुसूची- ९ बमोजिमको शपथग्रहण गर्नुपर्नेछः

१. सदस्य र सङ्गठित सदस्य,

२. पार्टी कमिटी, आयोग, परिषद्, संयन्त्र, विभाग, कार्यदल र मञ्चमा निर्वाचित वा मनोनीत पदाधिकारी र सदस्य ।

(ख) सपथ ग्रहण गर्ने व्यक्तिले शपथपत्रमा हस्ताक्षर गरी सम्बन्धित कमिटी वा निकायमा बुझाउनुपर्नेछ ।

**धारा– ४१. वैकल्पिक सदस्यका अधिकार, कर्तव्य र बरियताक्रम**

(क) हरेक निर्वाचित कमिटीमा कूल सदस्य सङ्ख्याको बढीमा २५ प्रतिशत वैकल्पिक सदस्य रहनेछन् ।

(ख) वैकल्पिक सदस्यलाई कमिटीको निर्णय प्रक्रियामा मतदान गर्ने, चुन्ने र चुनिनेबाहेक अन्य सम्पूर्ण अधिकार र कर्तव्य पूर्ण सदस्यसरह हुनेछ ।

(ग) कमिटीका कुनै पूर्ण सदस्यको अनुपस्थितिमा वैकल्पिक सदस्यले बरियताक्रमानुसार मताधिकार प्रयोग गर्न सक्नेछन् ।

(घ) वैकल्पिक सदस्यको बरियताक्रम सम्बन्धित कमिटीले तोकेबमोजिम हुनेछ ।

**धारा– ४२. कार्यकाल**

केन्द्रीय कमिटीको कार्यकाल एकताको राष्ट्रिय महाधिवेशनबाट अर्को

केन्द्रीय कमिटी निर्वाचित नहुँदासम्म रहनेछ । प्रदेश कमिटीको कार्यकाल बढीमा डेढ बर्ष र सो मातहतका कमिटीहरूको कार्यकाल बढीमा एक वर्षको हुनेछ ।

**धारा– ४३. राजीनामा**

(क) निर्वाचित कमिटी र आयोगका पदाधिकारी वा सदस्यले पदबाट राजीनामा दिन चाहेमा अध्यक्षबाहेक अन्य पदाधिकारी र सदस्यले अध्यक्षसमक्ष र अध्यक्षले सचिवसमक्ष राजीनामा पेश गर्नेछन् ।

(ख) केन्द्रीय कमिटीका दुई अध्यक्षमध्ये कुनैले पदबाट राजीनामा दिन चाहेमा अर्को अध्यक्षसमक्ष पेश गर्नेछन् ।

(ग) उपधारा (क) र (ख) बमोजिम आएको राजीनामा स्वीकृत गर्ने वा नगर्ने निर्णय सम्बन्धित कमिटी वा आयोगको बैठकले गर्नेछ ।

(घ) कुनै पनि तहको सल्लाहकार परिषद् र ज्येष्ठ कम्युनिष्ट मञ्चका पदाधिकारी वा सदस्यले पदबाट राजीनामा दिन चाहेमा आफ्नो अध्यक्षमार्फत् आफूलाई मनोनयन गर्ने कमिटीको अध्यक्षसमक्ष पेश गर्नेछन् । सम्बन्धित कमिटीले त्यस्तो राजीनामा स्वीकृत गर्ने वा नगर्ने निर्णय गर्नेछ ।

(ङ) विभागका प्रमुख, उपप्रमुख र सदस्यले पदबाट राजीनामा दिन चाहेमा आफूलाई मनोनीत गर्ने कमिटीका अध्यक्षसमक्ष राजीनामा पेश गर्नेछन् र सम्बन्धित कमिटीले राजीनामा स्वीकृत गर्ने वा नगर्ने निर्णय गर्नेछ ।

(च) संयन्त्र र कार्यदलका पदाधिकारी तथा सदस्यले पदबाट राजीनामा दिन चाहेमा आफूलाई मनोनीत वा नियुक्त गर्ने कमिटीका अध्यक्षसमक्ष पेश गर्नेछन् र सम्बन्धित कमिटीले राजीनामा स्वीकृत गर्ने वा नगर्ने निर्णय गर्नेछ ।

**धारा– ४४. पदरिक्तता**

(क) देहायको अवस्थामा पार्टीका कुनै पनि पदाधिकारी वा सदस्यको पद रिक्त हुनेछः

१. पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

२. पार्टी परित्याग गरेमा,

३. अनुशासनात्मक कारबाहीमा परी पदबाट निष्काशित भएमा,
४. अर्को कमिटी वा निकायको पदाधिकारी वा सदस्यमा निर्वाचित हुन उम्मेदवार भएमा,
५. विभाग, कार्यदल, संयन्त्र आदिमा रहेका व्यक्तिलाई सम्बन्धित कमिटीले जिम्मेवारीबाट हटाएमा,
६. बिना उचित कारण र बिना सूचना लगातार तीन पटकसम्म कमिटीको बैठकमा अनुपस्थित भएमा,
७. कुनै कमिटीको पदाधिकारी वा सदस्यमा निर्वाचित व्यक्तिको तोकिएको योग्यता नपुगेको प्रमाणित भएमा,
८. मृत्यु भएमा ।

**धारा– ४५. पदपूर्ति**

(क) धारा ४४ (क) बमोजिम पार्टीको कुनै पनि कमिटीका पदाधिकारी वा सदस्यको पद रिक्त भएमा सम्बन्धित कमिटीको बैठकबाट पूर्ति गर्न सकिनेछ । प्रदेश र स्थानीय तहका कमिटीका निर्णय एकतह माथिल्लो कमिटीबाट अनुमोदन भएपछि कार्यान्वयन हुनेछ । आयोगका पदाधिकारी वा सदस्यको पद रिक्त भएमा सम्बन्धित आयोगको बैठकबाट पूर्ति गर्न सकिनेछ ।

(ख) कुनै पनि मनोनीत सदस्य, सल्लाहकार परिषद्का पदाधिकारी एवम् सदस्य र विभाग, संयन्त्र तथा कार्यदलका सदस्यको पद रिक्त भएमा मनोनयन गर्ने कमिटीको सामान्य बहुमतले पूर्ति गर्नेछ ।

## अध्याय नौ

## कार्यविभाजन, जिम्मेवारीपालना, अनुगमन तथा मूल्याङ्कन

**धारा– ४६. कार्यविभाजन**

(क) सबै तहका कमिटीले आफ्नो कमिटीका पदाधिकारी तथा सदस्यहरूलाई सामान्यतया एउटा मुख्य र आवश्यकतानुसार सहायक जिम्मेवारी तोक्नेछन् ।

(ख) सबै तहका कमिटीले कार्यविभाजन गर्दा कमिटीको मुख्य हिस्सालाई भूगोलको पार्टी काममा विन्यास गर्नुपर्नेछ ।

(ग) केन्द्रीय कमिटीका पदाधिकारी तथा सदस्यहरुको कार्यविभाजन गर्दा केन्द्रीय कार्यालय, केन्द्रीय विभाग, जनवर्गीय, पेशागत तथा सामुदायिक सङ्गठन, मातहत कमिटी र प्रवास क्षेत्रको काममा प्रमुख तथा उपप्रमुख वा ईन्चार्ज तथा सहइन्चार्जको जिम्मेवारी तोक्नुपर्नेछ ।

(घ) सम्बन्धित प्रदेश अन्तर्गत कार्यक्षेत्र भएका केन्द्रीय कमिटीको सदस्य प्रदेश कमिटीमा र सम्बन्धित जिल्ला अन्तर्गत कार्यक्षेत्र भएका प्रदेश कमिटीको सदस्य जिल्ला कमिटीमा पदाधिकारी वा सदस्य रहन सक्नेछन् । कुनै पनि व्यक्ति दुईभन्दा बढी कमिटीमा रहने छैनन् । तर, समन्वय कमिटीमा भने यो व्यवस्था आकर्षित हुनेछैन ।

**धारा– ४७. अनुगमन तथा मूल्याङ्कन**

(क) प्रत्येक कमिटीले आफ्नो र मातहत कमिटीका पदाधिकारी एवम् सदस्यहरूको कामको अनुगमन र मूल्याङ्कन गर्नेछन् ।

(ख) प्रत्येक कमिटीले आफ्नो कमिटी र मातहतका कमिटीबाट सरकार, सङ्घीय संसद्, प्रदेशसभा र स्थानीय तहमा निर्वाचित वा मनोनीत र राजनीतिक नियुक्ति प्राप्त पदाधिकारी एवम् सदस्यहरूको कामको अनुगमन र मूल्याङ्कन गर्नेछन् ।

**अध्याय दश**

## जनवर्गीय सङ्गठन, सम्पर्क मञ्च र प्रवास क्षेत्रको काम

**धारा– ४८. जनवर्गीय, पेशागत तथा सामुदायिक सङ्गठन**

(क) पार्टीसम्बद्ध जनवर्गीय, पेशागत र सामुदायिक सङ्गठनहरू तोकिए बमोजिम हुनेछन् ।

(ख) उपधारा (क) वमोजिमका सङ्गठनहरू पार्टीको राजनीतिक नेतृत्व र आफ्नो विधानअनुरूप सञ्चालित हुनेछन् ।

**धारा– ४९. सम्पर्क मञ्च**

(क) काठमाडौँ उपत्यकामा सम्पर्क समन्वय कमिटी र प्रदेश सम्पर्क कमिटीको मातहतमा जिल्ला र प्रतिनिधिसभा निर्वाचन क्षेत्र स्तरमा सम्पर्क मञ्चहरू गठन हुनेछन् ।

(ख) सम्पर्क मञ्चमा पार्टीका सङ्गठित सदस्य, सदस्य र समर्थकहरू रहन सक्नेछन् ।

(ग) सम्पर्क मञ्चसम्बन्धी अन्य व्यवस्था 'सम्पर्क मञ्च सञ्चालन निर्देशिका' मा तोकिएबमोजिम हुनेछ ।

**धारा– ५०. प्रवास क्षेत्रको काम**

विभिन्न मुलुकमा रहेका प्रवासी नेपालीहरू र उनीहरुले आफ्ना सामुदायिक हितका लागि गठन गरेका सङ्गठनहरूप्रति पार्टीको सद्भाव र सहयोग रहनेछ ।

**अध्याय एघार**

## सङ्घीय संसद्, प्रदेससभा र स्थानीय तह

**धारा– ५१. सङ्घीय संसद्, प्रदेशसभा र स्थानीय तह कामका क्षेत्र हुने**

(क) सघीय संसद्, प्रदेशसभा र स्थानीय तह पार्टी कामका महत्वपूर्ण क्षेत्र हुनेछन् ।

(ख) पार्टीले सङ्घीय संसद्, प्रदेशसभामा र स्थानीय तहमा दल, विभाग र बोर्डमार्फत् आफ्नो नीति, नेतृत्व र निर्णय लागू गर्नेछ ।

**धारा– ५२. सङ्घीय संसदीय दल**

(क) सङ्घीय संसदीय दलको गठन:

१. एकताबद्ध भएका साविक दुबै पार्टीका चुनाव चिह्नमा विजयी सांसदहरू र पछि दलको सदस्यता ग्रहण गरेका सांसदहरू रहने गरी पार्टीको सघीय संसदीय दल गठन हुनेछ,

२. सङ्घीय संसदीय दलले आफ्नो विधान र नियमावली निर्माण गरी पार्टी केन्द्रीय कमिटीबाट अनुमोदन गराउनेछ र त्यसैका आधारमा कार्य गर्नेछ,

३. केन्द्रीय कमिटीले पार्टीको कार्यक्रम र नीतिअनुरूप सङ्घीय संसदीय दललाई नेतृत्व प्रदान गर्नेछ,

४. सङ्घीय संसदीय दलका सदस्यहरूले पार्टी केन्द्रीय कमिटीले तोकेको जिम्मेवारी पूरा गर्नुपर्नेछ र आफूसम्बद्ध पार्टी कमिटीले तोकेको कार्यक्षेत्र एवम् आफू निर्वाचित भएको निर्वाचन क्षेत्रमा कार्यरत रहनुपर्नेछ,

५. सङ्घीय संसदीय दल र सांसदहरू देश, जनता र पार्टीप्रति उत्तरदायी हुनेछन् । पार्टीको नीति, घोषणापत्र र निर्णयहरूको पालना गर्नु उनीहरूको कर्तव्य हुनेछ,

६. सङ्घीय संसदीय दलका अधिकार र कर्तब्य दलको विधान र नियमावली बमोजिम हुनेछन् ।

(ख) सङ्घीय संसदीय दलका पदाधिकारीहरूको चयन

१. सङ्घीय संसदीय दलले आफ्नो विधान र नियमावलीअनुरूप दलको नेताको चयन गर्नेछ,

२. दलको नेताले उपनेता, मुख्य वा प्रमुख सचेतक र सचेतक नियुक्त गर्नेछन् ।

(ग) सङ्घीय संसदीय बोर्डको गठन

१. सङ्घीय संसद्मा पार्टीको भूमिकालाई प्रभावकारी बनाउन केन्द्रीय कमिटीले दलको नेता, उपनेता, मुख्य वा प्रमुख सचेतक, सचेतक र सदस्यहरू रहेको सङ्घीय संसदीय बोर्ड गठन गर्नेछ,

२. दलको नेता र उपनेता बोर्डको प्रमुख र उपप्रमुख हुनेछन्,

३. सङ्घीय संसदीय बोर्डका अधिकार र कर्तब्य दलको विधान र नियमावलीबमोजिम हुनेछन् ।

**धारा– ५३. प्रदेशसभा दल**

(क) प्रदेशसभा दलको गठनः

१. एकताबद्ध भएका साविक दुबै पार्टीका चुनाव चिह्नमा विजयी र पछि दलको सदस्यता ग्रहण गरेका प्रदेशसभा सदस्यहरू रहने गरी पार्टीको प्रदेशसभा दल गठन हुनेछ,

२. प्रदेशसभा दलले आफ्नो नियमावली निर्माण गरी पार्टीको प्रदेश कमिटीबाट अनुमोदन गराउनेछ र त्यसैका आधारमा कार्य गर्नेछ,

३. प्रदेश कमिटीले पार्टीको कार्यक्रम र नीतिअनुरूप प्रदेशसभा दललाई नेतृत्व प्रदान गर्नेछ,

४. प्रदेशसभा दलका सदस्यरूले पार्टीको प्रदेश कमिटीले तोकेको जिम्मेवारी पूरा गर्नुपर्नेछ र आफूसम्बद्ध पार्टी कमिटीले तोकेको कार्यक्षेत्र एवम् आफू निर्वाचित भएको निर्वाचन क्षेत्रमा कार्यरत रहनुपर्नेछ,

५. प्रदेशसभा दल र दलका सदस्यहरू देश, जनता र पार्टीप्रति उत्तरदायी हुनेछन् । पार्टीका नीति र निर्णयहरू पालना गर्नु उनीहरूको कर्तव्य हुनेछ,

६. प्रदेशसभा दलका अधिकार र कर्तब्य दलको नियमावलीबमोजिम हुनेछन् ।

(ख) प्रदेशसभा दलका पदाधिकारीहरूको चयन

१. प्रदेशसभा दलले आफ्नो नियमावलीअनुरूप दलको नेता चयन गर्नेछ ।

२. दलको नेताले उपनेता, प्रमुख सचेतक र सचेतक नियुक्त गर्नेछन् ।

(ग) प्रदेशसभा बोर्डको गठन

१. पार्टीको तर्फबाट प्रदेशसभामा गरिने कामलाई प्रभावकारी बनाउन दलको नेता, उपनेता, प्रमुख सचेतक, सचेतक र सदस्यहरू रहेको प्रदेशसभा बोर्डको गठन गरिनेछ । दलको नेता र उपनेता क्रमशः बोर्डको प्रमुख र उपप्रमुख हुनेछन्,

२. प्रदेशसभा बोर्डका अधिकार र कर्तब्य प्रदेशसभा दलको नियमावलीबमोजिम हुनेछन्,

३. प्रदेशसभा दलको नियमावली सङ्घीय संसदीय दलको विधान र नियमावलीसँग बाझिनु हुँदैन ।

## धारा– ५४. स्थानीय तह दल

(क) स्थानीय तह दलको गठनः

१. महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका र गाउँपालिकामा पार्टीको तर्फबाट निर्वाचित र मनोनीत सम्पूर्ण पदाधिकारी तथा सदस्यहरू रहेको स्थानीय तह दल गठन गरिनेछ,

२. स्थानीय तह दलले आफ्नो नियमावली निर्माण गरी पार्टीको जिल्ला कमिटीबाट अनुमोदन गराउनेछ र त्यसैका आधारमा कार्य गर्नेछ,

३. जिल्ला कमिटी तथा सम्बन्धित कमिटीले पार्टीको कार्यक्रम र नीतिअनुरूप स्थानीय तह दललाई नेतृत्व प्रदान गर्नेछन्,

४. स्थानीय तह दलका सदस्यरूले पार्टी जिल्ला कमिटी र सम्बन्धित कमिटीले तोकेको जिम्मेवारी पूरा गर्नुपर्नेछ र आफूसम्बद्ध पार्टी कमिटीले तोकेको कार्यक्षेत्र एवम् आफू निर्वाचित भएको निर्वाचन क्षेत्रमा कार्यरत रहनुपर्नेछ,

५. स्थानीय तह दल र दलका सदस्यहरू देश, जनता र पार्टीप्रति उत्तरदायी हुनेछन्। पार्टीका नीति र निर्णयहरू पालना र कार्यान्वयन गर्नु उनीहरूको कर्तव्य हुनेछ,

६. स्थानीय तह दलका अधिकार र कर्तब्य दलको नियमावलीबमोजिम हुनेछन् ।

(ख) स्थानीय तह दलका पदाधिकारीहरूः

१. सम्बन्धित पार्टी कमिटीको सिफारिशमा जिल्ला कमिटीले स्थानीय तहको प्रमुख वा अध्यक्ष नभए उपप्रमुख वा उपाध्यक्ष र सो पनि नभए बरिष्ठ सदस्यलाई दलको नेता नियुक्त गर्नेछ,

२. दलको नेताले उपनेता, प्रमुख सचेतक र सचेतक नियुक्त गर्नेछन् ।

(ग) स्थानीय तह बोर्डको गठनः

१. पार्टीको तर्फबाट स्थानीय तहमा गरिने कामलाई प्रभावकारी बनाउन दलको नेता, उपनेता, प्रमुख सचेतक, सचेतक र सदस्यहरू रहेको स्थानीय तह बोर्डको गठन गरिनेछ। दलको नेता र उपनेता क्रमशः बोर्डको प्रमुख र उपप्रमुख हुनेछन् ।

२. स्थानीय तह बोर्डका अधिकार र कर्तब्य स्थानीय तह दलको नियमावलीबमोजिम हुनेछन् ।

३. स्थानीय तह दलको नियमावली प्रदेशसभा दलको नियमावली र सङ्घीय संसदीय दलको विधान तथा नियमावलीसँग बाझिनु हुँदैन ।

## अध्याय बाह्र

# सङ्गठनात्मक सिद्धान्त, पद्धति र अनुशासन

### धारा– ५५. सङ्गठनात्मक सिद्धान्त र पद्धति

(क) पार्टीको सङ्गठनात्मक सिद्धान्त र पद्धति देहायबमोजिम हुनेछः

१. जनवादी केन्द्रीयता पार्टीको सङ्गठनात्मक सिद्धान्त हो । पार्टीको सङ्गठनात्मक जीवनमा व्यक्ति कमिटीको मातहत, अल्पमत बहुमतको मातहत, तल्लो कमिटी माथिल्लो कमिटीको मातहत, सबै सदस्य तथा कमिटीहरू केन्द्रीय कमिटीको मातहत, केन्द्रीय कमिटी राष्ट्रिय महाधिवेशनको मातहत र महाधिवेशन प्रतिनिधिमार्फत सङ्गठित सदस्यहरूको मातहत हुनेछ । पार्टीको सम्पूर्ण अधिकार सङ्गठित सदस्यमा निहीत रहनेछ । निर्णय प्रक्रियामा जनवाद र निर्णय कार्यान्वयनमा केन्द्रीयता प्रभावी हुनेछ । निर्णय प्रक्रियामा मत राख्ने स्वतन्त्रता र निर्णय कार्यान्वयनमा एकरूपता हुनेछ ।

२. कुनै पनि मातहत कमिटीले माथिल्लो कमिटीको वा सदस्यले आफ्नो कमिटीको निर्णय र विचारप्रति आफ्नो कमिटीमा मौखिक वा लिखित असहमति प्रकट गर्न पाउनेछन् । तर, हरेक सदस्य वा कमिटीले सम्बन्धित कमिटीको बहुमत र माथिल्लो कमिटीले गरेको निर्णय पालना गर्नुपर्नेछ र बहुमतले अल्पमतको कदर गर्नुपर्नेछ ।

३. बिषयको गम्भीरता र आवश्यकतालाई दृष्टिगत गरी केन्द्रीय कमिटीले एकताको राष्ट्रिय महाधिवेशन अगावै पनि सैद्धान्तिक, कार्यक्रमिक वा नीतिगत बिषयमा छलफल तथा बहस खुला गर्न सक्नेछ । सङ्गठित सदस्यले विधानको अधीनमा रही एकताको

राष्ट्रिय महाधिवेशन वा अधिवेशन वा आफ्नो कमिटीको बैठकमा मत राख्न पाउनेछन् । फरक मतका कारणले कसैप्रति भेदभाव गरिने छैन । फरक मत राख्नेले आफ्नो पदीय वा सङ्गठनात्मक दायित्व निर्वाह र अनुशासनको पालना गरिरहनुपर्नेछ ।

४. कमिटीको निर्णय पुस्तिकामा औपचारिक रूपले उल्लेख गरिएको वा लिखित रूपमा सम्बन्धित कमिटीमा प्रस्तुत गरिएको मतलाई मात्र फरक मत मानिनेछ । यस्तो मतका सम्बन्धमा छलफलको माग भएमा तोकिएको प्रक्रियाअनुरूप छलफलमा लान सकिनेछ ।

५. एकताको राष्ट्रिय महाधिवेशनको निर्णयसँग असहमतिका विषयलाई अर्को राष्ट्रिय महाधिवेशन वा केन्द्रीय कमिटीले बहस खुला गरेको अवस्थामा तोकिएको प्रक्रियाद्वारा उठाउन र अर्को राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गर्न सकिनेछ ।

## धारा– ५६. अनुशासनको कारबाही

(क) देहायको अवस्था प्रमाणित भएमा कुनै पनि कमिटी वा निकाय र तिनका पदाधिकारी तथा सदस्यहरूमाथि अनुशासनात्मक कारबाही हुनेछः

१. पार्टीको सिद्धान्त, कार्यक्रम, नीति र वैधानिक व्यवस्थाको विपक्षमा सार्वजनिक क्रियाकलाप गरेको,

२. पार्टीभित्र गुटबन्दी तथा षड्यन्त्र गरेको,

३. पार्टी निर्णय उल्लङ्घन गरेको,

४. पार्टीप्रति निष्ठा र विश्वास नरहेको,

५. पार्टीको प्रतिष्ठा र मर्यादामा आँच आउने काम गरेको,

६. पार्टी कमिटीको गोपनीयता भङ्ग गरेको,

७. पार्टीद्वारा सञ्चालित आन्दोलन र अभियानको विपक्षमा रहेको वा विरोधीसँग साँठगाँठ गरेको,

८. कुनै पनि जनप्रतिनिधिमुलक संस्थाको निर्वाचनमा पार्टीको निर्णयविपरीत उम्मेदवार बनेको, पार्टीको उम्मेदवारविरुद्ध प्रचार गरेको वा पार्टीको उम्मेदवारका विरुद्धमा उठ्ने अन्य कुनै

उम्मेदवारको प्रस्तावक वा समर्थक बनेको वा त्यस्तो उम्मेदवारको पक्षमा कुनै काम गरेको,

९. केन्द्र तथा प्रदेश सरकार, स्थानीय तह र जनप्रतिनिधि संस्थालगायत पार्टीले पठाएको कुनै पनि जिम्मेवारीमा रहँदा पार्टी निर्णय र निर्देशनविपरीत कार्य गरेको,

१०. नैतिक पतन देखिने फौजदारी कसुर गरेको, भ्रष्ट तथा अनैतिक आचरण गरेको र भ्रष्ट वा अवाञ्छित तत्वसँग साँठगाँठ गरेको तथा राष्ट्रको हितविपरीत काम गरेको,

११. पार्टीले माग गरेको अवस्थामा सम्पत्तिको यथार्थ विवरण नदिई लुकाएर राखेको, झुट्ठा विवरण पेस गरेको वा स्रोत खुलाउन नचाहेको,

१२. पदीय आचरण वा पार्टी हितविपरीत आर्थिक अनुशासनहीनता वा पार्टी सम्पत्तिको हिनामिनामा संलग्न भएको,

१३. छुवाछूत, जातीय भेदभाव, बहुविवाह र लैङ्गिक हिंसाका क्रियाकलाप गरेको,

१४. पार्टीको विधान र नियमावलीमा पार्टी सदस्य वा पार्टी कमिटीहरूले पालन गर्नुपर्ने भनी उल्लिखित कर्तव्यको उल्लङ्घन गरेको ।

(ख) अनुशासनात्मक कारबाही र कारबाहीको प्रक्रिया देहायबमोजिम हुनेछः

१. धारा ५७ (क) मा उल्लेखित क्रियाकलाप गरेवापत त्यसको प्रकृति र परिणाम हेरी सदस्यको हकमा सम्बन्धित कमिटीले आलोचना गर्ने वा लिखितरूपमा आत्मालोचना गराउने वा चेतावनी दिने वा पद वा सदस्यताबाट निलम्बन वा निष्काशन गर्ने वा पार्टी सदस्यता वा सङ्गठित सदस्यताबाट निष्काशन गर्नेसम्मको कारबाही गर्न सक्नेछ ।

२. कुनै पनि कमिटी वा सदस्यले आफूलाई तोकिएको दायित्व र जिम्मेवारी पालना नगरेमा कमिटीको हकमा माथिल्लो कमिटीले विघटन गर्न सक्नेछ र सदस्यको हकमा सम्बन्धित कमिटीले ठोस आधार तथा कारण खुलाई एक पद घटुवा गर्न सक्नेछ । तर, त्यस्तो निर्णय एक तह माथिल्लो कमिटीबाट अनुमोदन भएपछि लागू हुनेछ ।

३. प्रारम्भिक कमिटीदेखि प्रतिनिधिसभा निर्वाचन क्षेत्र समन्वय कमिटीसम्मलाई अनुशासनको कारबाही गर्ने अधिकार जिल्ला कमिटीलाई हुनेछ । तर, त्यसको अनुमोदन एक तह माथिल्लो कमिटीबाट गराउनुपर्नेछ ।

४. जिल्ला कमिटीलाई प्रदेश कमिटीले र प्रदेश सम्पर्क कमिटीलाई सम्पर्क समन्वय कमिटीले कारबाही गर्नेछ र त्यस्तो कारबाही केन्द्रीय कमिटीबाट अनुमोदन भएपछि लागू हुनेछ । सोभन्दा माथिको कमिटीलाई कारबाही गर्ने अधिकार केन्द्रीय कमिटीलाई हुनेछ ।

५. अनुशासनको कारबाहीस्वरूप निलम्बनमा परी फुकुवा भएको छ महिना व्यतित गरिनसकेका पार्टी सदस्य वा सङ्गठित सदस्यले पार्टीको कुनै पनि तह र जनप्रतिनिधिमुलक निकायको निर्वाचनमा उम्मेद्वार हुन पाउने छैनन् ।

६. सङ्गठित सदस्यताबाट निलम्बन गर्ने अधिकतम अवधि दुई बर्षसम्म हुनेछ ।

७. सङ्घीय संसदीय दलको सदस्यले पार्टी अनुशासन उल्लङ्घन वा पार्टी निर्णय अवज्ञा वा पार्टीको हित र प्रतिष्ठामा आँच पुऱ्याउने काम गरेमा संसदीय कामसँग सम्बन्धित विषयमा केन्द्रीय कमिटीले र पार्टी कामसँग सम्बन्धित विषयमा निज सङ्गठित रहेको कमिटीले कारबाही गर्नेछ ।

८. प्रदेशसभा दलको सदस्यले पार्टी अनुशासन उल्लङ्घन वा पार्टी निर्णय अवज्ञा वा पार्टीको हित र प्रतिष्ठामा आँच पुऱ्याउने काम गरेमा प्रदेशसभाको कामसँग सम्बन्धित विषयमा प्रदेश कमिटीले र पार्टी कामसँग सम्बन्धित विषयमा निज सङ्गठित रहेको कमिटीले कारबाही गर्नेछ ।

९. स्थानीय तहमा कार्यरत जनप्रतिनिधिले पार्टी अनुशासन उल्लङ्घन वा पार्टी निर्णय अवज्ञा वा पार्टीको हित र प्रतिष्ठामा आँच पुऱ्याउने काम गरेमा निज सङ्गठित भएको कमिटीले कारबाही गर्नेछ । त्यस्तो कारबाही एक तह माथिल्लो कमिटीबाट अनुमोदन भएपछि कार्यान्वयन हुनेछ ।

१०. पार्टीका विरुद्ध शत्रुतापूर्ण गतिविधि गरेको वा धारा- ११ (क) बमोजिम स्वतः पार्टी सदस्यता वा सङ्गठित सदस्यता समाप्त हुने अवस्थामा बाहेक कुनै पनि सदस्य वा सङ्गठित सदस्य वा कमिटीमाथि कारबाही गर्नुअघि स्पष्टीकरणको मौका दिइनेछ ।

११. आफूमाथि भएको कारबाही चित्त नबुझे माथिल्लो कमिटीमा र केन्द्रीय कमिटीको निर्णय चित्त नबुझे केन्द्रीय अनुशासन आयोगमा पुनरावेदन गर्न सकिनेछ । केन्द्रीय अनुशासन आयोगको निर्णय चित्त नबुझेमा राष्ट्रिय महाधिवेशनसमक्ष पुनरावेदन गर्न सकिनेछ ।

### अध्याय तेह्र

## विशेष महाधिवेशन, अधिवेशन र बैठक

### धारा– ५७. विशेष महाधिवेशन

(क) स्पष्ट कार्यसूची र उचित कारण उल्लेख गरी दुई तिहाइ जिल्ला कमिटी वा ५१ प्रतिशत सङ्गठित सदस्यले लिखित माग गरेको खण्डमा मागपत्र दर्ता गरेको मितिले छ महिनाभित्र केन्द्रीय कमिटीले विशेष महाधिवेशन आयोजना गर्नुपर्नेछ ।

(ख) धारा ५८ (क) बमोजिम महाधिवेशन आयोजना नगरिएमा महाधिवेशनको माग गर्ने कमिटी वा सदस्यहरूले महाधिवेशन आयोजक कमिटी बनाई विशेष महाधिवेशन आयोजना गर्न सक्नेछन् ।

(ग) विशेष परिस्थिति उत्पन्न भई केन्द्रीय कमिटीले आवश्यक ठानेको अवस्थामा विशेष महाधिवेशन हुन सक्नेछ ।

### धारा– ५८. अधिवेशन

(क) एकताको राष्ट्रिय महाधिवेशन पूर्व आयोजना हुने प्रदेश तथा स्थानीय तहका कमिटीहरूको अधिवेशनमा प्रतिनिधित्वको व्यवस्था देहायबमोजिम हुनेछः

१. अधिवेशन आयोजना गर्ने कमिटीले तोकेबमोजिम सङ्गठित सदस्यबाट निर्वाचित प्रतिनिधिहरू,

२. उपधारा (क) १ को कूल सङ्ख्याको बढीमा पाँच प्रतिशत सम्बन्धित कमिटीबाट मनोनीत प्रतिनिधिहरू,

(ख) एकताको राष्ट्रिय महाधिवेशन पूर्व आयोजना हुने प्रदेश तथा स्थानीय तहका कमिटीहरूको अधिवेशनबाट निर्वाचित हुने पदाधिकारीहरु र सदस्य सङ्ख्या केन्द्रीय कमिटीले तोकेबमोजिम हुनेछ ।

(ग) समन्वय कमिटीबाहेक सबै तहका पार्टी कमिटीका पदाधिकारी र सदस्यहरू आफ्नो तहको अधिवेशनबाट निर्वाचित हुनेछन् ।

(घ) सबै तहका अधिवेशनहरूले विधानको मातहत रही प्रतिवेदन र प्रस्तावहरू पारित गर्ने, आफ्नो कार्यक्षेत्रका समग्र कामको मूल्याङ्कन गर्ने, आगामी कामको योजना बनाउने र नयाँ नेतृत्वको चयन गर्नेछन् ।

## धारा– ५९. बैठक

(क) पार्टी कमिटी, आयोग, परिषद्, सचिवालय र विभागका बैठक देहायबमोजिम हुनेछन्:

१. सामान्यतया राष्ट्रिय परिषद्को बैठक एक वर्ष, केन्द्रीय कमिटीको बैठक छ महिना, पोलिट्ब्युरोको बैठक चार महिना, स्थायी कमिटीको बैठक तीन महिना, प्रदेश कमिटीको बैठक तीन महिना, जिल्ला कमिटी, प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन क्षेत्र समन्वय कमिटी र महानगर कमिटीको बैठक दुई महिना र सोभन्दा तल्लो तहका कमिटीको बैठक हरेक महिना आयोजना गर्नुपर्नेछ । विशेष कारणले बैठकको अवधि अघि वा पछि हुन सक्नेछ ।

२. केन्द्रीय विभागको बैठक तीन महिनामा र सचिवालय, कार्यालय र मातहतका विभागहरुका बैठक आवश्यकतानुसार हुनेछन् ।

३. सबै तहका सल्लाहकार परिषद् र जेष्ठ कम्युनिष्ट मञ्चका बैठकहरू आवश्यकतानुसार आयोजना गरिनेछ ।

४. कमिटीका २५ प्रतिशत सदस्यहरूले लिखित माग गरेको खण्डमा केन्द्रीय कमिटीको बैठक एक महिनाभित्र र मातहत कमिटीको बैठक पन्ध्र दिनभित्र बोलाउनुपर्नेछ ।

५. केन्द्रीय आयोगका बैठक आ-आफ्नो कार्य-सम्पादन नियमावलीमा तोकिएबमोजिम हुनेछन् ।

**धारा– ६०. बहुमतको निर्णय– पार्टी निर्णय**

(क) एकताको राष्ट्रिय महाधिवेशन, अधिवेशन र बैठकहरूमा सबै विषयमाथि छलफल गर्दा जनवादी प्रक्रिया अपनाइनेछ । निर्णय प्रक्रियामा मत विभाजन भएमा बहुमतको निर्णय पार्टी निर्णय हुनेछ ।

(ख) निर्णयमा असहमत हुने सदस्यले आफ्नो असहमति सम्बन्धित एकताको राष्ट्रिय महाधिवेशन, अधिवेशन वा बैठकसमक्ष लिखितरूपमा प्रस्तुत गर्नुपर्नेछ ।

(ग) फरक मत प्रस्तुत गर्ने सदस्यले आफ्नो मत छलफलमा लैजान माग गरेमा र सम्बन्धित कमिटीले आवश्यक ठानेमा निर्णय कार्यान्वयन गर्ने गरी केन्द्रीय कमिटीको स्वीकृतिमा विधि र प्रक्रिया खुलाई छलफलको अनुमति दिन सक्नेछ ।

## अध्याय चौध

## पार्टी कोष र सम्पत्तिसम्बन्धी व्यवस्था

**धारा– ६१. पार्टी कोष**

(क) केन्द्रीय कमिटीले पार्टीको केन्द्रीय कोषको निर्माण एवम् सञ्चालन गर्नेछ । त्यसको स्रोत देहायबमोजिम हुनेछः

१. तोकिएको सदस्यता शुल्क तथा लेबी,

२. चन्दा सहयोग,

३. प्रकाशन बिक्री-वितरण,

४. पार्टी सम्पत्तिको परिचालन,

५. स्रोत वृद्धिका लागि सञ्चालन गरिने विशेष कार्यक्रम वा अभियान,

६. पार्टी एकताबाट प्राप्त हुने रकम ।

(ख) पार्टीका प्रदेश तथा स्थानीय कमिटीहरूले आफ्नो कमिटीका सदस्यहरू तथा मातहतको कमिटीबाट सदस्यता शुल्क एवम् लेवी र समर्थक-

शुभचिन्तकहरूबाट सहयोग सङ्कलन गरी आफ्नो तहको कोष निर्माण एवम् सञ्चालन गर्नेछन् ।

(ग) पार्टी कोष तथा सम्पत्तिको व्यवस्थापन र सञ्चालन पार्टीको आर्थिक विनियमअनुसार हुनेछ ।

## धारा– ६२. कार्यकर्ता संरक्षण कोष

(क) पार्टी कार्यकर्ता संरक्षणका लागि एउटा कोष हुनेछ ।

(ख) यसको सञ्चालन कार्यकर्ता संरक्षण कोष विनियम अनुसार गरिनेछ ।

(ग) केन्द्रीय कमिटीको अनुमति लिएर यस्तो कोष प्रदेश र जिल्ला कमिटी तहसम्म स्थापना गर्न सकिनेछ ।

## धारा– ६३. पार्टीको अचल र जिन्सी सम्पत्ति

(क) पार्टीको नाममा भएका अचल र जिन्सीलगायत सम्पूर्ण सम्पत्तिमा पार्टी केन्द्रीय कमिटीको पूर्ण स्वामित्व रहनेछ । त्यसको लगत आर्थिक विनियममा तोकिएबमोजिम राख्नुपर्नेछ ।

(ख) केन्द्रीय कमिटीको लिखित अनुमतिबिना लिइएको ऋण तथा दायित्वप्रति पार्टी जवाफदेही रहने छैन ।

## धारा– ६४. पारिश्रमिक र खर्च व्यवस्था

(क) परिभाषित जिम्मेवारीसहित पूर्ण समय पार्टी काममा लगाउने व्यक्तिलाई सम्बन्धित पार्टी कमिटीले पारिश्रमिक वा खर्चको व्यवस्था गर्नेछ ।

(ख) पार्टीका कुनै विशेष काममा पार्टी नेता वा कार्यकर्तालाई खटाउँदा हुने खर्चको व्यवस्था पार्टीले गर्नेछ ।

## धारा– ६५. लेखा र लेखापरीक्षण

(क) पार्टीको सबै तहमा आय-व्ययको लेखा केन्द्रीय लेखापरीक्षण आयोगले तोकेबमोजिम राखिनेछ ।

(ख) सबै कमिटीहरूले पार्टीको आर्थिक विनियम अनुसार आफ्नो आय-व्ययको लेखा राख्नेछन् ।

(ग) प्रत्येक पार्टी कमिटीले हरेक आर्थिक वर्षभित्र लेखापरीक्षण गराई माथिल्लो कमिटीमा पेश गर्नुपर्नेछ र आफ्नो तहको अधिवेशनमा सिङ्गो अवधिको लेखापरीक्षण प्रतिवेदन प्रस्तुत गर्नुपर्नेछ ।

(घ) लेखा र लेखापरीक्षणसम्बन्धी अन्य कार्य आर्थिक विनियममा तोकिएबमोजिम हुनेछ ।

### अध्याय पन्ध्र

## मस्यौदा विधान तथा अन्तरिम विधान संशोधन

**धारा– ६६. मस्यौदा विधान तथा अन्तरिम विधान संशोधन**

(क) केन्द्रीय कमिटीले एकताको राष्ट्रिय महाधिवेशनसमक्ष मस्यौदा विधान प्रस्तुत गर्नेछ ।

(ख) धारा ६६ (क) बमोजिमको लिखित प्रस्ताव एकताको राष्ट्रिय महाधिवेशन सुरु हुनुभन्दा दुई महिना अगावै स्थानीय कमिटीसमक्ष पुऱ्याइसक्नुपर्नेछ ।

(ग) राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गरिने मस्यौदा विधानमा आफ्ना सुझावहरू समावेश गर्न चाहने कमिटी वा सङ्गठित सदस्यले आफ्नो लिखित प्रस्ताव केन्द्रीय कमिटीले तोकेबमोजिम प्रस्तुत गर्नुपर्नेछ । यस्तो प्रस्तावको सम्बन्धमा केन्द्रीय कमिटीले आवश्यक निर्णय गर्नेछ ।

(घ) यस विधानमा संशोधन गर्नुपरेमा केन्द्रीय कमिटीको बहुमतले गर्नसक्नेछ ।

### अध्याय सोह्र

## विविध

**धारा– ६७. कार्यालय सञ्चालन**

(क) पार्टीको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ । यसको सञ्चालन केन्द्रीय कमिटीले गर्नेछ ।

(ख) प्रदेश कमिटी, सम्पर्क समन्वय कमिटी तथा स्थानीय कमिटीहरूले आ-आफ्नो तहका कार्यालय सञ्चालन गर्नेछन् ।

## धारा– ६८. सम्पत्ति विवरण

(क) धारा १९ (ङ) ३ सँग सम्बन्धित व्यक्तिले देहायबमोजिम सम्पत्ति विवरण बुझाउनुपर्नेछः

१. आफू निर्वाचित वा मनोनीत वा नियुक्त भएको दुई महिनाभित्र अनुशासन आयोगले तोकेको ढाँचामा आफ्नो सम्पूर्ण चल-अचल सम्पत्तिको विवरण,

२. आफू सो पदमा रहुञ्जेल आर्थिक वर्ष पूरा भएको ६० दिनभित्र अनुशासन आयोगले तोकेको ढाँचामा आफ्नो सम्पूर्ण चल-अचल सम्पत्तिको अद्यावधिक विवरण ।

## धारा– ६९. दुई तिहाई बहुमत चाहिने

(क) नेपालको संविधानले व्यवस्था गरेको संसद्को दुई तिहाई बहुमतबाट अनुमोदन हुनुपर्ने विषयमा निर्णय लिँदा पार्टी केन्द्रीय कमिटीको दुई तिहाई बहुमत आवश्यक हुनेछ ।

## धारा– ७० प्रतिष्ठान

(क) पार्टीसम्बद्ध प्रतिष्ठानहरू दुई प्रकारका हुनेछन्:

१. स्मृति प्रतिष्ठान,

२. अध्ययन-अनुसन्धान प्रतिष्ठान ।

(ख) पार्टीका दिवङ्गत नेताहरूका नाममा स्थापित स्मृति प्रतिष्ठानहरूले पार्टीको मूल नीति र विधानविपरीत नहुने गरी वैचारिक एवम् सामाजिक काम गर्नेछन् ।

(ग) अध्ययन-अनुसन्धान प्रतिष्ठानले समाज विज्ञानका विभिन्न विधाहरूमा अध्ययन-अनुसन्धान गरेर विविध सामग्रीहरू तयार पारी पार्टी नीतिलाई समृद्ध पार्न सहयोग गर्नेछन् ।

(घ) पार्टी सम्बद्ध प्रतिष्ठानहरूको नामावली, सञ्चालन विधि, अधिकार र कर्तव्य 'प्रतिष्ठान सञ्चालन निर्देशिका' बमोजिम हुनेछ ।

## धारा– ७१. नियम बनाउने अधिकार

केन्द्रीय कमिटीले विधानसँग नबाझिने गरी नियमावली, विनियम, निर्देशिका र आचारसंहिता निर्माण गरी लागू गर्न सक्नेछ ।

## धारा– ७२. बाधा–अड्काउ फुकाउने

यस विधानको कार्यान्वयनमा कुनै बाधा-अड्काउ पर्न आएमा केन्द्रीय कमिटीले उक्त बाधा-अड्काउलाई फुकाउने छ । त्यसको अनुमोदन राष्ट्रिय महाधिवेशनबाट गराउनुपर्नेछ ।

## धारा– ७३. खारेजी

पार्टी एकता घोषणा भई यो विधान लागू भएपछि साविक नेकपा (एमाले) तथा नेकपा (माओवादी केन्द्र)का विधानहरू खारेज भएका छन् ।

**अनुसूची– १**

## झण्डा

(विधानको धारा- ३ सँग सम्बन्धित)

पार्टीको झण्डा ३:२ अनुपातको रातो भूईंमा बायाँ भागको माथिल्लो कुनामा सेतो रङ्गको हँसिया र हथौडा खप्टिएको चिह्न हुनेछ ।



**अनुसूची– २**

## छाप

(विधानको धारा- ४ सँग सम्बन्धित)

पार्टीको छाप गोलाकारमा पार्टीको नाम लेखिएको र सूर्य भित्र केन्द्र भागमा हँसिया हथौडा खप्टिएको चिह्न हुनेछ ।






## अनुसूची- ३
## चुनाव चिह्न

(विधानको धारा- ५ सँग सम्बन्धित)

पार्टीको चुनाव चिह्न सूर्य हुनेछ ।

## अनुसूची- ४
## प्रतीक चिह्न

(विधानको धारा- ६ सँग सम्बन्धित)

पार्टीको प्रतीक चिह्न सूर्यभित्रको रातो पृष्ठभूमिको गोलाकारमा हँसिया हथौडा चिह्न खप्टिएको हुनेछ ।

**अनुसूची- ५**

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को

# सङ्गठित सदस्यता आवेदन–पत्र

(विधानको धारा- १० (ख) सँग सम्बन्धित)

मिति : .................

कमरेड अध्यक्ष,
..........................................कमिटी
................................................

नेपाल कम्युनिष्ट पार्टी
मार्फत .................................. कमिटी ।

मैले पार्टी विधानमा उल्लिखित योग्यता र मापदण्ड पूरा गरेकोले पार्टीको सङ्गठित सदस्यता प्रदान गरियोस् भनी अनुरोध गर्दछु । मेरो व्यक्तिगत विवरण निम्नानुसार छ :

१. नाम, थर : .......................... २. जन्म मिति : ..........................
३. स्थायी ठेगाना : .......................... ४. अस्थायी ठेगाना : ..........................
५. आमाको नाम: .......................... ६. बाबुको नाम : ..........................
७. जाति/समुदाय : .......................... ८. वर्ग : ..........................
९. लिङ्ग : .......................... ९. शिक्षा : ..........................
१०. पेशा: .......................... ११. सदस्यता प्राप्त मिति : ..........................
१२. संक्षिप्त राजनीतिक पृष्ठभूमि : ..........................
..........................................................................
..........................................................................

पार्टी सदस्यता-पत्रको प्रमाणित प्रतिलिपि यसै साथ संलग्न गरेको छु ।

..........................................
आवेदकको हस्ताक्षर

**सिफारिस :**
म आवेदकलाई राम्ररी चिन्दछु । निजको राजनीतिक जीवनको अध्ययन गर्दा पार्टीको सङ्गठित सदस्यता प्रदान गर्न उपयुक्त हुने देखिएकाले सिफारिस गर्दछु ।

१. नामथर :.................... ठेगाना : .................... कमिटी र पद : .................... हस्ताक्षर....................
२. नामथर :.................... ठेगाना : .................... कमिटी र पद : .................... हस्ताक्षर....................

सिफारिश गर्ने कमिटी :.................... बैठक मिति :.................... अध्यक्षको नाम :.................... हस्ताक्षर....................
निर्णय गर्ने कमिटी :.................... बैठक मिति :.................... अध्यक्षको नाम :.................... हस्ताक्षर....................
अनुमोदन गर्ने कमिटी :.................... बैठक मिति :.................... अध्यक्षको नाम :.................... हस्ताक्षर....................

## अनुसूची- ६
# सदस्यता–पत्र

(विधानका धारा- १५ (क) सँग सम्बन्धित)

**नेपाल कम्युनिष्ट पार्टी (नेकपा)**
**सदस्यताको आवेदन**

कमरेड अध्यक्ष,

______________________ कमिटी

______________________

मैले पार्टी विधानको धारा ९ (क) को योग्यता पूरा गरेकोले सदस्यता प्रदान गरियोस् भनी अनुरोध गर्दछु ।

नामथर :______________

स्थायी ठेगान :______________

जन्ममिति :______________

हस्ताक्षर :__________ मिति :__________

**नेपाल कम्युनिष्ट पार्टी (नेकपा)**
**सदस्यता-पत्र**

नामथर :______________________________

स्थायी ठेगाना :______________________________

जन्ममिति :______________________________

प्रमाणित गर्नेको नामथर :______________________________

कमिटी र पद:______________________________

हस्ताक्षर :______________________ मिति :______________

## अनुसूची- ७
# सङ्गठित सदस्यता–पत्र

विधानको धारा- १५ (ख) सँग सम्बन्धित)

**नेपाल कम्युनिष्ट पार्टी (नेकपा)**
**सङ्गठित सदस्यता-पत्र**

सदस्यता नम्बर :

नामथर :______________________ प्रमाणित गर्नेको हस्ताक्षर :__________

स्थायी ठेगाना :______________________ नामथर :______________________

जन्म मिति :______________________ कमिटी र पद :______________________

सदस्यता प्राप्त मिति :______________________ प्रमाणित गरेको मिति :______________________

## अनुसूची- ८

# मानार्थ सदस्यता–पत्र

(विधानका धारा- १८ (ङ) १५ सँग सम्बन्धित)

**नेपाल कम्युनिष्ट पार्टी (नेकपा)**

**मानार्थ सदस्यता-पत्र**

सदस्यता नम्बर :

नामथर :______________________ प्रमाणित गर्नेको हस्ताक्षर :______

स्थायी ठेगाना :__________________ नामथर :__________________

जन्म मिति :______________________ कमिटी र पद :_______________

सदस्यता प्राप्त मिति :_____________ प्रमाणित गरेको मिति :________

## अनुसूची- ९
# शपथको व्यहोरा

(विधानका धारा- ४१ सँग सम्बन्धित)

म ............................................ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को ........................... जिम्मेवारी लिइरहेको यस महत्वपूर्ण घडीमा पार्टीको झण्डासामु उभिएर प्रतिज्ञा गर्दछु :

म पार्टीको मार्गदर्शक सिद्धान्त, कार्यक्रम र नीतिलाई दृढताका साथ अनुशरण गर्नेछु। पार्टी विधानलाई इमानदारीका साथ पालन गर्नेछु। पार्टीको गोपनीयता तथा एकता जोगाउँदै स्वच्छ एवम् नैतिक आचरणयुक्त जीवन बिताउनेछु। सबैखाले प्रतिक्रियावादी शक्ति, गलत विचार र गलत व्यवहारका विरुद्ध दृढतापूर्वक जुझिरहनेछु।

- नेपाली क्रान्ति - जिन्दावाद !
- मार्क्सवाद-लेनिनवाद - जिन्दावाद !
- आदरणीय अमर-शहीदहरू - लालसलाम !
- नेपाल कम्युनिष्ट पार्टी (नेकपा) - जिन्दावाद ! जिन्दावाद !!

हस्ताक्षर........................................

नाम............................................

ठेगाना.........................................

मिति...........................................